आज मिति २०७९।०३।०८ गते बुधबारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको एघारौं नगर सभाको पहिलो बैठक बसी तपशिल बमोजिमको कार्यसूची माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

<u>उपस्थिति:</u>

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | | [signature] |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | | [signature] |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | १ | [signature] |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | [signature] |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | [signature] |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | [signature] |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | [signature] |
| ८ | करुण टण्डन | वडाध्यक्ष | ६ | [signature] |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | ७ | [signature] |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | [signature] |
| ११ | कमल पौडेल | वडाध्यक्ष | ९ | [signature] |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | [signature] |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | [signature] |
| १४ | लक्ष्मी बहादुर खत्री | खुला सदस्य | १ | [signature] |
| १५ | राज कुमार थारु | खुला सदस्य | १ | [signature] |
| १६ | टोपकला वि सि | महिला सदस्य | १ | [signature] |
| १७ | सिता सुनार | दलित महिला सदस्य | १ | [signature] |
| १८ | प्रेम बहादुर रौतार थारु | खुला सदस्य | २ | [signature] |
| १९ | झिमलाल सापकोटा | खुला सदस्य | २ | [signature] |
| २० | शान्ता पाण्डे | महिला सदस्य | २ | [signature] |
| २१ | सोमनाथ राना | खुला सदस्य | ३ | [signature] |
| २२ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | [signature] |

| | | | | |
|---|---|---|---|---|
| २३ | गंगा देवि सुनार | दलित महिला सदस्य | ३ | [signature] |
| २४ | चिन्कु थारु | खुला सदस्य | ४ | [signature] |
| २५ | नन्द किशोर थारु | खुला सदस्य | ४ | [signature] |
| २६ | चन्द्रवती थारु | महिला सदस्य | ४ | [signature] |
| २७ | कुमारी पवित्रा सार्की | दलित महिला सदस्य | ४ | [signature] |
| २८ | ज्ञान बहादुर कार्की | खुला सदस्य | ५ | [signature] |
| २९ | बुद्धु थारु | खुला सदस्य | ५ | [signature] |
| ३० | नैना कुमारी थारु | महिला सदस्य | ५ | [signature] |
| ३१ | मिना दर्जी | दलित महिला सदस्य | ५ | [signature] |
| ३२ | गुरु प्रसाद थारु | खुला सदस्य | ६ | [signature] |
| ३३ | यम बहादुर प्युठानी | खुला सदस्य | ६ | [signature] |
| ३४ | पसपतिया चौधरी | महिला सदस्य | ६ | [signature] |
| ३५ | तारा दुतराज | दलित महिला सदस्य | ६ | [signature] |
| ३६ | सावित्रा थारु | महिला सदस्य | ७ | [signature] |
| ३७ | मुम बहादुर पाण्डे | खुला सदस्य | ७ | [signature] |
| ३८ | हरि शंकर पौडेल | खुला सदस्य | ७ | [signature] |
| ३९ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | [signature] |
| ४० | विश्वास जि सी | खुला सदस्य | ८ | [signature] |
| ४१ | शैलेन्द्र बेल्बासे | खुला सदस्य | ८ | [signature] |
| ४२ | जुनादेवि थारु | महिला सदस्य | ८ | [signature] |
| ४३ | शारदा परियार | दलित महिला सदस्य | ८ | [signature] |
| ४४ | चुरामणी अर्याल | खुला सदस्य | ९ | [signature] |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | [signature] |
| ४६ | नुमलाल चौधरी | खुला सदस्य | ९ | [signature] |
| ४७ | केशरा गुरुङ्ग | महिला सदस्य | ९ | [signature] |
| ४८ | रुपनारायण थारु | खुला सदस्य | १० | [signature] |

| | | | | |
|---|---|---|---|---|
| ४९ | राम शंकर थारु | खुला सदस्य | १० | |
| ५० | दानु पर्ती | महिला खुला सदस्य | १० | |
| ५१ | सर्मिला चमार | दलित महिला सदस्य | १० | |
| ५२ | बाजबुल लैन | खुला सदस्य | ११ | |
| ५३ | जगनारायण थारु | खुला सदस्य | ११ | |
| ५४ | इमकला खत्री क्षेत्री | महिला खुला सदस्य | ११ | |
| ५५ | सावित्री वि.क. | दलित महिला सदस्य | ११ | |
| ५६ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | | |
| ५७ | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | | |
| ५८ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| ५९ | टेकराज पन्थी | सचिव | | |

अन्य कर्मचारीहरुको उपस्थितिः नगर सभा मितिः २०७९।०३।०८

| क्र. स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | राज कुमार तिवारी | पशु चिकित्सक | |
| २ | खिम ब. जि.सी. | शाखा अधिकृत | |
| ३ | लेष बहादुर के.सी. | कृषि विकास अधिकृत | |
| ४ | डा. आनन्द अधिकारी | मेडिकल अधिकृत | |
| ५ | केशबराज भट्टराई | शाखा अधिकृत | |
| ६ | केशबराज गैरे | लेखा अधिकृत | |
| ७ | तेज बहादुर सोमै | बरिष्ठ कविराज निरिक्षक | |
| ८ | शान्त राज आचार्य | योजना अधिकृत | |
| ९ | ठगराज पौडेल | अधिकृत हे.ई. | |
| १० | रामप्रसाद सापकोटा | अधिकृत | |
| ११ | मदन प्रसाद घिमिरे | अधिकृत | |
| १२ | सुरज घिमिरे | इन्जिनियर | |
| १३ | सुनिल श्रेष्ठ | इन्जिनियर | |
| १४ | सञ्जुदेवी आचार्य | आ.ले.प. अधिकृत | |
| १५ | मिलन पोखेल | सूचना प्रविधि अधिकृत | |
| १६ | सन्तोष बहादुर थापा | नायव सुब्बा | |
| १७ | शुसिला पन्थ | महिला बिकास निरिक्षक | |
| १८ | दिपक थापा | कम्प्यूटर अपरेटर | |
| १९ | अन्नत पोखेल | लेखा पाँचौ | |
| २० | लक्ष्मी पौडेल भट्टराई | सहायक स्तर पांचौ | |
| २१ | बिना खनाल | सहायक स्तर पांचौ | |
| २२ | पुष्कर भुसाल | कम्प्यूटर अपरेटर | |
| २३ | आदित्या नारायण खनाल | सर्वेक्षक | |
| २४ | महेश भट्टराई | स. लेखापाल | |
| २५ | हरिना गाहा | स.महिला बिकास निरिक्षक | |
| २६ | सर्मिला राना | पोषण शाखा | |
| २७ | गोमा घिमिरे | सामि परियोजना | |
| २८ | सुमित्रा वि.क. | मेडपा | |
| २९ | इश्वरी अधिकारी | प्रा०स० (शिक्षा) | |
| ३० | भक्तीराम पाण्डे | अधिकृत हे.ई. | |

| क्र.सं. | नामथर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| ३१ | धनिलाल पोखरेल | का. स | [signature] |
| ३२ | रघुम प्रसाद पाण्डे | का. स | [signature] |
| ३३ | नारायण पन्थि | का. स | [signature] |
| ३४ | रिपमानन्द घिमिरे | सुरक्षा गार्ड | [signature] |
| ३५ | पुरामणी चौधरी | सुरक्षा गार्ड | [signature] |
| ३६ | लक्ष्मी रवलाल | का. स | [signature] |
| ३७ | बिष्णु राना | का. स. | [signature] |
| ३८ | पृथ्वी प्र. चौधरी | का. स. | [signature] |
| ३९ | प्रदिप पधु | का. प्र. | [signature] |
| ४० | | | |
| ४१ | | | |
| ४२ | | | |
| ४३ | | | |
| ४४ | | | |
| ४५ | | | |
| ४६ | | | |
| ४७ | | | |
| ४८ | | | |
| ४९ | | | |
| ५० | | | |
| ५१ | | | |

## एघारौं नगरसभाको प्रथम बैठक २०७९।०३।०८ का निर्णयहरु:-

**निर्णय नं. १**

बाणगङ्गा नगरपालिकाको एघारौं नगरसभाको प्रथम बैठकको कार्यसूची र सञ्चालित कार्यक्रम अनुसूची १ बमोजिम अभीलेख गर्ने।

**निर्णय नं. २**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम अनुसूची २ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं. ३**

प्रस्तुत भएको नीति तथा कार्यक्रमहरुमाथी आफ्नो टिप्पणी राख्ने नगरसभा सदस्यहरुले राखेका आफ्ना भनाईहरुलाई अनुसूची ३ बमोजिम अभिलेख गर्ने।

**निर्णय नं. ४**

विधेयकको तयारी तथा ड्राफ्ट, योजना संसोधन तथा ब्रेकडाउन, नीति तथा कार्यक्रमको तयारी, बजेट तथा कार्यक्रम तयारी जस्ता कार्यको लागि नगरसभाको तयारीको क्रममा मुख्य भूमिकामा रही काम गर्ने पदाधिकारी तथा कर्मचारीहरुको हिउँदे नगरसभामा बढीमा १५ दिन र बर्षे नगरसभामा बढीमा १ महिनाको अतिरिक्त समय खटिई कार्य गरेवापतको सुविधा उपलब्ध गराउने।

**निर्णय नं. ५**

डा नं. ३ को प्रशासनिक भवनको निर्माणको लागि एन.बि.कन्स्ट्रक्सनसंग भएको सम्झौता अनुसार २०७८ चैत्र २० गते भित्र सम्पन्न गर्नुपर्नेमा सम्झौता पश्चात आएको अविरल बाढी र सो कारण भएको डुबानबाट प्रभावित भएको कारण समयमा कामको सुरुवात गर्न नसकिएको भन्ने कारण देखाई २०७८।१२।०७ गते बांकी कामको लागि म्याद थप गरी पाऊँ भनि निवेदन पेश गरेकोले २०७९ असौज २० गते भित्र कार्य सम्पन्न हुने गरी म्याद थप गर्ने।

**निर्णय नं. ६**

चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. ७ को बजेट तथा कार्यक्रम मध्ये धैरेनी डाँडाको पश्चिम घोलामा कल्भर्ट निर्माण भन्ने शिर्षकमा रु.२लाख १० हजार बजेट बिनियोजन भएको र उक्त रकमले कल्भर्टको काम पुरा हुन नसक्ने र अधुरो काम गरी राख्दा आवतजावतमा समेत निकै समस्या पर्न जाने अवस्था देखिएकोले वडा कार्यालयको च.नं. १८७३, मितिः२०७९।१२।०९ को योजना परिवर्तन गर्ने सिफारिस समेत प्राप्त भएकोले शान्ति टोल पूर्व लोहरौला कुलो निर्माण गर्ने गरी उपरोक्त योजना परिवर्तन गर्ने।

**निर्णय नं. ७**

वडा नं. २ को कोनिया, दक्षिण पिपरा, उत्तर पिपरा, परिवर्तन चौकदेखि मेरिटचोकतर्फ जानेबाटो र विस्डमचोकदेखि दक्षिणजाने सडक मर्मत रु.२लाख र वडा नं. १० को विभिन्न स्थानमा रहेका खाल्डाखुल्डी पुर्ने कार्य रु.३ लाख गरी रु.५लाख पूजीगत मर्मत सुधार खर्च शिर्षकबाट खर्च व्यवस्थापन गर्ने।

*अनुसूची-१*

*(एघारौं नगरसभाको प्रथम बैठक २०७९।०३।०८ को निर्णय नं. १ संग सम्बन्धित)*

# बाणगङ्गा नगरपालिका

## एघारौं नगर सभा

## <u>एघारौं नगरसभाको कार्यसूची र समय तालिका</u>

सभा संख्याः ११ पहिलो बैठक सभा संचालन स्थानः नगर कार्यपालिकाको सभा हल

अध्यक्षताः चक्रपाणी अर्याल मितिः२०७९।०३।०८

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | राष्ट्रिय गान | | |
| २०७९।०३।०८ | ०४:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख चक्रपाणी अर्याल | |
| " " | ०४:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारणा | " " | |
| " " | ०४:१० | आ.व.०७९।८० वार्षिक नीति तथा कार्यक्रम पेश | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०५:०० | नीति तथा कार्यक्रमका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्ने | १.<br>२.<br>३.<br>४. | |
| | ०५:०५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०५:३० | कार्यक्रमको समापन | | |

## छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | ५ मिनेट | |

**उपाध्यक्ष ज्यू**

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु**

**सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु**

✓ म आजको यस एघारौ नगर सभा शुरुवात भएको जानकारी गराउन चाहान्छु।

लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक समाबेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तीको लागि विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु ।

मौन धारणको लागि समय शुरु हुन्छ ..........................................................................................

धन्यवाद

✓ अव म आज यस नगरपालिकाको आ.व.०७९।८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

..............................................

भर्खर प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०७९।८० को वार्षिक नीति तथा कार्यक्रमका सम्बन्धमा कुनै सदस्यहरूको केही टिप्पणी वा संसोधन वा थप घट गर्नुपर्ने भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँछु । ईच्छुक कोही भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला ।

आफन्नो भनाई राख्ने सदस्यहरु:-

१. विश्वास जि.सी.

२. लक्ष्मी बहादुर खत्री

३. पिताम्बर वि.क.

४. रामशंकर थारु

५. ज्ञानबहादुर कार्की

६. चुरामणी अर्याल

**अव म यस सम्मानीत एघारौं नगर सभामा पेश भएको बाणगङ्गा नगरपालिकाको आ.व.०७९।८० को नीति तथा कार्यक्रम संसोधन सहित स्वीकृतिका लागि पेश गर्दछु ।**

अव

पेश भएको नीति तथा कार्यक्रमलाई संसोधन सहित स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले आर्थिक वर्ष २०७९।८० को बाणगङ्गा नगरपालिकाको नीति तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्दछु ।

**अन्त्यमा**

यस नगरपालिकाको आर्थिक वर्ष ०७९।८० को वार्षिक नीति तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने संघ संस्था, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, राजनीतिक दलका पदाधिकारी एवं प्रतिनिधि, माननीय संविधान सभा सदस्य, माननीय प्रदेश सभा सदस्य, माननीय निवर्तमान प्रतिनिधि सभा सदस्य ज्यूहरु, र माननीय राष्ट्रिय सभा सदस्यज्यूलाई म स्वयं र सबै नगर सभा सदस्यहरुको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहान्छु।
बाणगंगा नगरपालिकाको आजको यस एघारौं नगरसभालाई व्यवस्थित र मर्यादित ढंगबाट अगाडी बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

**नगर सभा सदस्य ज्युहरु**

अव म देहायका प्रस्तावहरुमा निर्णय गर्दै आजको यो एघारौं नगर सभा अधिवेशनको प्रथम वैठक समापन भएको घोषणा गर्दछु साथै अधिवेशन निरन्तर चलिरहने र नगरसभा अधिवेसनको दोस्रो वैठक आगामी असार १० गते मायादेवी रिसोर्टमा दिउसो २ बजेदेखि सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउँछु।

## अनुसूची-२

## एघारौं नगरसभामा नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत आ.व २०७९/०८० को नीति तथा कार्यक्रम

**यस गरिमामय नगरसभाका उपाध्यक्षज्यू, सचिव ज्यू, सदस्य ज्यूहरु, सञ्चारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु,**

यस बाणगंगा नगरपालिकाको एघारौं नगरसभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। नेपालको संविधानले परिकल्पना गरे बमोजिम बाणगंगा नगरपालिकाले स्थानीय सरकारको रुपमा रही पाँचवर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याई सकेको छ। स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भए पश्चात नयाँ जनप्रतिनिधि बहाली भै सकेपछि प्रथम पटक आ.व. २०७९/८० को नीति तथा कार्यक्रम पेश गर्दैछु। यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। स्थानीय तहको दोस्रो निर्वाचनमा सहभागी भै अमूल्य मत दिएर हामीलाई विजयी गराउनु हुने सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद दिन चाहान्छु।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो। स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाका आदर्श हुनेछन्। नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित बाणगंगा नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दलहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार तथा बाणगंगा नगरवासीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन्। संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

**नगरसभाका सदस्य ज्यूहरु,**
**अब म आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।**

(क) आर्थिक विकास

१. **"भूमी बैङ्कमार्फत प्रविधियुक्त कृषि, स्वरोजगारीमा बृद्धि, बाणगंगाको आर्थिक समृद्धि"** भन्ने अभियानलाई साकार पार्न भूमि बैंकको स्थापना गरी सामुहिक, करार र व्यवसायिक खेती गर्ने प्रबन्ध मिलाईनेछ। करार खेती गर्नको लागि जग्गा लिजमा लिंदा जग्गा बहाल कर मिनाहा गर्ने नीति अवलम्बन गरिनेछ।

२. कृषियोग्य जमिनमा बस्ती विकास र शहरीकरण लाई निरुत्साहित गरि व्यवसायिक कृषि मार्फत उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरिनेछ।

३. प्रयोग विहिन भूमिलाई उपयोगमा ल्याउन जोड दिदै सडक छेउ, नदी, खोला किनारको जग्गा र सार्वजनिक जमिनमा टोल विकास संस्था मार्फत फलफुल लगायतका नगदे बालीको विरुवा रोप्ने र सो को उत्पादनको हकभोग समेत टोल विकास संस्थाले गर्ने व्यवस्था मिलाईनेछ।

४. कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईने छ।

५. कृषक पाठशालालाई निरन्तरता दिईनेछ। धान, गहुँ र मकै जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत विउ एवम् कृषि यन्त्र वितरण लगाएतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

६. कृषियोग्य जमिनमा सिचांईको पहुँच पुऱ्याउन साना सिँचाई, स्यालो ट्युवेल, सतह सिंचाई, पोखरी तथा तालतलैया मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिदैं लगिनेछ।

७. बेमौसमी तरकारी खेति उत्पादनको लागि हाइटेक प्लाष्टिक टनेल बनाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ । हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारण्टी गरिनेछ ।

८. कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ ।

९. सरकारबाट दिइने अनुदानमा सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ ।

१०. कृषियोग्य जमिनको चक्लाबन्दी गरी व्यवस्थित गर्न गैरकानुनीरुपमा गरिने खण्डिकरणलाई नियन्त्रण गर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।

११. कृषकलाई सहुलियतपुर्ण कर्जा उपलब्ध गराउने, कृषि सामाग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषि उत्पादनको बजारिकरण गर्ने देखि आम्दानीको बचत गर्ने सम्मका कार्यको सुनिश्चितता हुने गरि सहकारी संस्थाहरुको सबलिकरण गर्दै कृषकहरुलाई सहकारी संस्थामा आबद्ध गरिनेछ ।

१२. कृषिजन्य उत्पादन बृद्धि गरि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागी एक गाउँ एक उत्पादनको अवधारणालाई प्रोत्साहन गर्दै लगिने छ ।

१३. किसान सूचीकरण कार्यलाई निरन्तरता दिई कृषकहरुको तथ्यांक अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाईने छ ।

१४. कृषि संकलन केन्द्र तथा कृषि थोक बजार निर्माण तथा ब्यवस्थापनको लागि जोड दिइने छ ।

१५. बीउ प्रतिस्थापन दर बढाउनका लागी धान, मकै तथा गहुँको बीउ उत्पादनका कार्यक्रम संचालन गरि नगरलाई खाद्यान्नवालीको बीउमा आत्मनिर्भर गराउँदै लगिने छ ।

१६. बढ्दो बिषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्युनिकरण गर्न बिषादी सचेतनाका कार्यक्रम संचालन गरि प्रांगारिक कृषि तर्फ जोड दिईनेछ ।

१७. फलफूलको उत्पादन बृद्धि, मौरी चरन तथा नगरको पर्यावरणमा हरियाली बनाउनका लागी व्यवसायिक फलफूल खेती कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

१८. कृषि सम्वन्धी ज्ञान तथा शिप हासिल गरेका नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित ब्यवसायिक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गरिने छ ।

१९. तरकारी तथा फलफूलमा नगरलाई आत्मनिर्भर बनाउदै लैजानका लागि अनुदानका कार्यक्रम संचालन गरिने छ ।

२०. परम्परागत तथा रैथाने बालीहरुको प्रवर्द्धन कार्यमा जोड दिईने छ ।

२१. पशुपंक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुपन्छी उपचार कार्यक्रम, निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. उन्नत जातको गाई भैंसी उत्पादन गरी दुध उत्पादनमा वृद्धि गर्न मागमा आधारित विभिन्न जातको घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२३. गाई भैंसीको गुणस्तरीय दाना उत्पादनको लागि दुध उत्पादक सहकारी संस्थासंग सहकार्य गरी मझौला स्तरको दाना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२४. नगर भित्र सञ्चालित डेरी पसल, मासु पसल एवम् दुध संकलन केन्द्रहरुलाई व्यवस्थित गर्न नयाँ प्रविधिको जडानमा प्रोत्साहन गरिनेछ ।

२५. पशुपालक कृषकहरुको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ ।

२६. अति गरिब, विपन्न, स्रोत विहिन परिवारहरुको पहिचान गरी आय आर्जनका लागि विभिन्न जातका पशुहरुको वितरण गरिने व्यवस्था मिलाइनेछ ।

२७. कृषि एवम् पशुजन्य उत्पादनको जोखिमलाई न्यूनीकरण गर्न कृषकहरुको सहकार्यमा कृषि एवम् पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२८. अनुत्पादक क्षेत्रमा हुने खर्च कटौती गरी उत्पादकत्व एवम् आयआर्जनमा वृद्धि र थप रोजगारी सिर्जनामा सघाउ पुऱ्याउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

२९. बेरोजगारहरुको सम्भावित पङ्क्तिलाई सूचिकरण गरी व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ।

३०. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ।

३१. यस नगरपालिका भित्र निर्माणाधिन औद्योगिक ग्रामको निर्माणलाई प्राथमिकतामा राखि सम्पन्न गर्न जोड दिइनेछ साथै नगरभित्रका उद्यमी तथा सहकारीहरुलाई औद्योगिक ग्राममा साना तथा मझौला उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

३२. घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदैं स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ।

३३. नगरपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई न्यूनतम सदस्य संख्या र पूँजिको सीमा तोकी समान प्रकृति र उद्देश्य भएका सहकारीहरुलाई एकिकरण (Merge) गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३४. एकिकृत भई आएका सहकारी मार्फत बेरोजगार युवा तथा महिलालाई आत्मनिर्भर बनाउन एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

३५. नगरक्षेत्रभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको नियमित अनुगमन, मूल्यांकन गरी एकै प्रकारको सहकारी संस्थामा दोहोरो सदस्यता भएको भए कुनै एक प्रकारको सदस्यता कायम गरी सहकारीको राष्ट्रिय नीतिको अवलम्बन गरिदैं लगिनेछ।

३६. बाणगंगा नगर र नगर भन्दा बाहिर कार्यक्षेत्र भएका वा प्रदेश कार्यक्षेत्र भई बाणगंगा नगरमा संचालित सहकारी संस्थालाई नियमित अनुगमन गरिने व्यवस्था मिलाइने छ।

३७. सहकारी संस्थाहरुले सफ्टवेयरमा मासिक प्रतिबेदन प्रविष्ट गरी मासिक प्रतिवेदन लगायत कार्यालयमा पठाउनु पर्ने प्रतिबेदनहरु, नगरले तोकेको बार्षिक कर दाखिला गर्ने जस्ता कार्यहरु कडाईका साथ लागु गरी सहकारी संस्थालाई प्रविधिमैत्री बनाउन सहाकारी विभागले अनिवार्य गरेको COPOMIS प्रयोगको लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

३८. सहकारी संस्थाहरुलाई राष्ट्रिय सहकारी बोर्डको सुझाव अनुसार २ बर्षिय आधारशिला कार्यक्रम सहित सहकारी संस्थामा कार्यरत कर्मचारीलाई दक्ष बनाउन तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गरिने छ।

**(ख) सामाजिक विकास**

३९. **"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद"** को नीति अनुरुप हाल सञ्चालन गरिदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदैं विधवा एवम् एकल महिला, द्वन्द्व पीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

४०. अपांग र बालवालिका लक्षित कार्यक्रमहरु सम्बन्धित लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गरिनेछ।

४१. अपाङ्ग, जेष्ठ नागरिक परिचयपत्र घुम्ती शिविर सञ्चालन गरी वडास्तर बाट वितरण गरिने व्यवस्था मिलाईनेछ।

४२. महिलाहरुको सशक्तिकरणका लागी "महिलासँग नगर उपप्रमुख" कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमि बनाउनको लागि सिपमुलक तालिम प्रदान गर्नुका साथै आवश्यक प्रविधि एवम् उपकरणहरु सहयोग गरिने व्यवस्था मिलाइनेछ।

४३. जेष्ठ नागरिक र अपाङ्ग नागरिकको भावनालाई कदर गर्दै जेष्ठ नागरिक र अपाङ्गमैत्री वातावरणको सिर्जना गरी हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदैं आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै दिवासेवा केन्द्रलाई प्राथमिकतामा राखिने छ।

४४. वडा समिति, टोल विकास संस्था, आमा समूह, स्थानीय क्लब, समुदाय र सुरक्षा निकायको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन जस्ता कार्यक्रम न्यूनिकरणका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।

४५. बाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर स्थापना गरी सञ्चालन गर्न चाहने सामाजिक संघ-संस्था एवम् निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

४६. वडा तथा नगरस्तरीय बाल क्लब तथा किशोरकिशोरी संजालको क्षमता विकासको लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

४७. लैंगिक मैत्री, बालश्रममुक्त तथा बालमैत्री, अपांगता मैत्री, ज्येष्ठ नागरिक मैत्री नगर बनाउने अभियान संचालन गरिनेछ।

४८. आदिवासी, जनजाति, थारु, मुस्लिम, दलित, अशक्त तथा विपन्न समूदायलाई लक्षित गरी उनीहरुको उत्थान एवम् क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइ संचालन गरिने छ।

४९. सबै किसिमका सामाजिक विभेद ( जातीय, लैंगिक, धार्मिक, भाषिक, सांस्कृतिक ) जस्ता विभेदहरुलाई निषेध एवम् निरुत्साहित गरिने छ।

५०. लैंगिक तथा घरेलु हिंसा, यौन शोषण लगाएत जोखिममा परेका बालबालिका, अपांगता, एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दुष्टिगत गरी अवसर र हित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरी सशक्तीकरणका माध्यमबाट मूल प्रवाहमा ल्याइने छ।

५१. श्रमिक महिला र पुरुषहरुको ज्याला समान हुनेगरी निर्धारण गरिनेछ। महिला श्रमिकको आवस्यकता र शिशु स्याहार हकलाई आत्मसाथ गरिने छ।

५२. परम्परागत पेसा, सीप र व्यवसायलाई प्रोत्साहन गरी गरिबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै लगिनेछ।

५३. नगरबाट प्रदान गरिने सेवाहरुमा असहाय, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवति सुत्केरी र अशक्तलाई सेवामा प्राथमिकता दिइनेछ।

५४. बाल बालिकाहरुको खोप कार्यक्रम लाई प्रभावकारी रुपले संचालन गरि प्रत्येक वर्ष पुर्ण खोप सुनिश्चितता निरन्तरता दिइने छ। खोप क्लिनिक, कोल्ड चेन सेन्टर थप व्यवस्थित गरिने छ साथै कोभिड १९ को बुस्टर खोप कार्यक्रमलाइ निरन्तरता दिइने छ।

५५. क्षयरोग मुक्त बाणगंगा अभियान सफल पार्न माइक्रोस्कोपि क्याम्प संचालन गरि समुदायमा रहेका बिरामीको पहिचान गरी उपचार गरिनेछ।

५६. गुणस्तरिय स्वास्थ्य सेवा पाउने नागरिकको हकलाई सुनिश्चित गर्दै यस बाणगंगा नगरपालिका भित्र संचालित सरकारी, निजि, सामुदायिक अस्पताल तथा मेडिकलबाट प्रदान गर्दै आएको स्वास्थ्य सेवालाइ गुणस्तर नियमन तथा अनुगमनको संस्थागत व्यवस्था मिलाइ प्रदान गर्दै आएको सेवाहरुको अनलाइन इन्ट्रि रिपोर्टिङ गर्ने व्यवस्था मिलाइने छ।

५७. स्वास्थ्य संस्थाजन्य जोखिमयुक्त फोहर व्यवस्थापन तथा निर्मलिकरणका लागि नगर भित्र संचालित स्वास्थ्य संस्था, अस्पताल, मेडिकल, ल्याबहरुबाट निस्किने फोहरको उचित व्यवस्थापनका लागी आवश्यक पहल गरिनेछ।

५८. आयुर्वेदिक, प्रकृतिक चिकित्सा, युनानि तथा होमियोप्याथि लगायतका बैकल्पिक चिकित्सा सेवालाई विकास तथा विस्तारमा प्रोत्साहान गरिनेछ साथै औषधीको अनुचित प्रयोगलाई निरुत्साहित गरिनेछ।

५९. नगर भित्र रहेको आयुर्वेद औषधालयलाई स्तरोन्नती गरी आयुर्वेद अस्पतालको रुपमा विकास गर्न आवश्यक पर्ने जग्गा प्राप्तिको लागि पहल गरिनेछ।

६०. नगर भित्रका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुन:संरचना गरिनेछ।

६१. पिपरा अस्पताललाई विशेषज्ञ सेवा, अत्याधुनिक उपकरण र सुविधा सहितको अस्पतालको रुपमा सुधार गरिनेछ।

६२. पुर्ण संस्थागत सुत्केरी(प्रसुति) सेवाको लागी निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता दिईने छ।

६३. नगर भित्रका पहुँच देखि तुलनात्मक रुपले टाढा रहेका वडा नं ९ र १० मा बर्थिङ सेन्टरको क्रमशः स्थापना गरिने छ।

६४. बाल स्वास्थ्य प्रवर्द्धनको लागि नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व कार्यक्रम लाइ निरन्तरता दिन खोप केन्द्र भवन नभएका स्थानमा क्रमश खोप केन्द्र निर्माण गरिनेछ।

६५. सबै स्वास्थ्य संस्थाहरुमा व्यवस्थित फिवर क्लिनिक सञ्चालन, प्रयोगशाला सेवा सञ्चालन गरिनुका साथै स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभुत स्वास्थ्य चौकी भवन निर्माण गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

६६. हेलो आमा कार्यक्रम मार्फत जेष्ठ नागरिक, गर्भवति, सुत्केरी आमाहरुलाई सुरक्षित स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

६७. महिला स्वास्थ्य स्वयंम सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ। महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंम सेविका अक्षय कोषको स्थापना गरिनेछ।

६८. नगरपालिकाभित्र दिर्घरोगिहरुको संख्या न्यूनिकरण गर्न एन्टी रेविज भ्याक्सिनलाई निरन्तरता, कुष्ठरोग खोजपडताल कार्यक्रम, हैजा विरूद्धको खोप, आँखा शिविर, क्यान्सर शिविर तथा महिलाको लागि पाठेघर स्क्रिनिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

६९. नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **"एक घर एक धारा"** कार्यक्रम सहित सबै नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन संघीय र प्रदेश सरकारको समन्वयमा पाइपलाईन विस्तार, ओभरहेड ट्याङ्की निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

७०. **"सफा घर, टोल र शहर, बाणगंगावासीको एउटै रहर"** भन्ने नारालाई सार्थक बनाउन २०७९ साल जेठ १५ गते देखि शुरुवात गरिएको फोहरमैलाको दिर्घकालिन व्यवस्थापनलाई थप व्यवस्थित गर्न सर्वदलीय, सर्वपक्षीय छलफलबाट स्थानको पहिचान गरी थप व्यवस्थित गर्दै लगिनेछ।

७१. नगरपालिकालाई स्वच्छ र वातावरण मैत्री बनाउन टोल विकास संस्थालाई परिचालन गरि उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ।

७२. नगर भित्र रहेका खानेपानी समितिहरुसंग समन्वय गरी खानेपानी संस्थाले गरेको आफ्नो बार्षिक आम्दानीको न्यूनतम १५ प्रतिशत रकम आफ्नो क्षेत्र भित्र सरसफाईमा खर्च गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

७३. छाडा चैपाया ब्यवस्थापन गर्न सर्वदलीय, सर्वपक्षीय छलफलबाट स्थान पहिचान गरी उचित ब्यवस्थापन गरिदैं लगिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

७४. **"प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा, बाणगंगाको प्रतिबद्धता"** भन्ने नारालाई साकार पार्न विद्यालयलाई सूचना प्रविधियुक्त वनाउने कार्यको थालनी गरिनेछ।

७५. कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई महत्व दिदै प्रविधिमैत्री शिक्षकहरुबाट अन्य शिक्षकहरुमा सीप हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

७६. शिक्षण कार्यलाई सूचना प्रविधि मैत्री बनाई पाठयोजना र शैक्षिक सामग्री सहितको शिक्षणलाई प्रोत्साहन गरिने छ।

७७. विद्यालय, कार्यालय र महत्वपूर्ण सार्वजनिक क्षेत्र भित्र मद्यपान, धुम्रपान, लागु औषध तथा दुर्व्यसनीलाई पूर्णरुपमा निषेध गर्ने नीति अवलम्बन गरिनेछ।

७८. विद्यालयको शैक्षिक गुणस्तर परिक्षण, सिकाई उपलब्धि बृद्धी र प्रविधिमैत्री शिक्षणलाई आधार मानी उत्कृष्ट विद्यालय र शिक्षकहरुको मूल्यांकन गरी पुरस्कृत गरिने व्यवस्था मिलाइनेछ साथै अनुभव आदानप्रदानका लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।

७९. वालवालिकाहरुको सिकाइ क्रियाकलाप अभिवृद्धि गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सुचना प्रविधिको व्यवस्था गरिने छ।

८०. स्थानीय पाठ्यक्रममा सुधार एवम् विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ।

८१. बढ्दो विद्यार्थीको चापलाई व्यवस्थापन गर्न विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालय सरसफाइ र सुरक्षित वातावरणको लागि विद्यालयको पूवार्धार विकासमा जोड दिइने छ। नगरपालिका भित्रका सबै विद्यालयहरुलाई एकै किसिमको रंगरोगन गर्न प्रोत्साहन गरिने छ।

८२. विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था गरिने छ। विद्यालयमा जङ्कफुड निषेध गर्दै प्राथमिक तहका बालबालिकाहरुलाई निशुल्क, स्वच्छ र स्वास्थ्यवर्धक खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८३. पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावटयुक्त वालमैत्री कक्षा व्यवस्थापन गरिने छ।

८४. विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई निःशुल्करुपमा उपलब्ध गराउँदै आईरहेको आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८५. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग पहल गरिनेछ। नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा लगानी, प्रक्रिया र उपलब्धिमा संतुलन कायम गर्न कार्ययोजना बनाई गुणस्तर अनुगमन संचालन गरिनेछ।

८६. **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** अभियानलाई सार्थक बनाउन बाणगंगा नगरपालिका अन्तरगत खेलका लागि थप उचित स्थानहरुको DPR बनाई पूर्वाधार निर्माणको कार्य सुरुवात गरिनेछ। युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहित गर्न विद्यालय स्तरीय, नगरस्तरीय मेयर कप र नगरस्तरीय खेल सप्ताहलाई निरन्तरता दिइनेछ।

८७. नगर गुरुयोजना अनुसार नगरपालिका क्षेत्रमा रहेका खेलकुद मैदानहरु मध्ये राष्ट्रिय, क्षेत्रीय र स्थानीय रङ्गशाला निर्माणका लागि उपयुक्त स्थानहरुको पहिचान गरी प्राथमिकताका आधारमा संघ प्रदेशसंग सहकार्यगरी निर्माण कार्य अघि बढाइनेछ।

८८. खेलकुदलाई व्यवस्थित र मर्यादित बनाउनको लागि नगर स्तरीय खेलकुद समिति व्यवस्था गरिनेछ।

८९. युवाहरुको क्षमता, सिप, अध्ययन, अनुसन्धान लगायतका कुराहरुलाई व्यवस्थित र वैज्ञानिक ढंगले सञ्चालन गर्न र युवाहरुको अर्थपूर्ण सहभागीता र नेतृत्वलाई जोड दिन स्थानीय यूवा नीति तयार गरी कार्यान्वयन गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

९०. नगर भित्रका महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको बाणगंगा क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ।

९१. बाणगंगा क्षेत्रमा रहेका राजापानी, खारखानी, मधौलिया पार्क, कपिलधाम, मधुबनधाम, रामदत्तिवनधाम, लक्ष्मणघाट, श्रृंगिघाट, नन्दनगरलाई प्रमुख पर्यटकीय एवं धार्मिक क्षेत्रका रूपमा विकास गरिने छ।

९२. नगर भित्रका मठ मन्दिर, डिउहार, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण तथा संवर्धन गर्दै नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ।

९३. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न बाणगंगा नगरपालिकामा आदिवासी जनजातिको रुपमा बसोबास गर्दै आएका समुदायको संस्कृतिको संरक्षण र संवर्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

९४. कपिलवस्तु उद्योग बाणिज्य संघ लगायतका संघसंस्थाहरुबाट प्रत्येक वर्ष हुँदै आएका कृषि तथा पर्यटन महोत्सव, आदिवासी जनजाती महोत्सव र माघी महोत्सव लगायतका मेला महोत्सव संचालनका लागि उपलब्ध गराउँदै आएको प्रोत्साहनलाइ निरन्तरता दिइनेछ।

९५. राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहिदहरुको सम्झनामा सिर्जनात्मक कार्यक्रमको आयोजना गरी शहिद दिवस लगायतका राष्ट्रिय मान्यता प्राप्त दिवसहरु मनाइने व्यवस्था मिलाइनेछ।

**(ग) पूर्वाधार विकास**

९६. **"नगरको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई आत्मसाथ गरी सडक निर्माण तथा बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९७. नगर यातायात गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा स्तरोन्नति भएका कच्ची सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने र सो बाहेकका मुख्य मुख्य सडकहरु र गाउँ भित्रका परम्परागत सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९८. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ साथै नगर भित्रका सडकहरुको नामाकरण गर्ने कार्यको सुरुवात गरिनेछ।

९९. सडकको दिगो विकासको लागि नगर भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न २० फिट वा सो भन्दा बढी चौडाई भएका सडकहरुमा अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्बन गर्न प्राथमिकता दिइनेछ।

१००. सडकको सर्भे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने विद्युत पोल, तार, नाली खानेपानी पाइप विस्तार समेत समावेश गरी एकिकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ। लागत सहभागितालाई स्थान विशेष तथा योजनाको प्रकृति अनुकुल परिमार्जन गर्दै लगिनेछ।

१०१. पूर्व–पश्चिम लोकमार्गको बाणगंगा–गोरुसिंगे खण्डमा ६ लेनको सडक विस्तार गर्न Design and Build प्रक्रिया मार्फत ठेक्का अगाडी बढाउन नेपाल सरकारसंग पहल गरिनेछ।

१०२. संघीय, प्रदेश र बाणगंगा नगरपालिकाको सहकार्यमा नगरपालिकाभित्रका नदीहरुमा तटबन्ध निर्माण गरी जनधनको क्षति हुन नदिन नदी नियन्त्रण सम्बन्धी कामलाई अघि बढाईनेछ।

१०३. नापी गर्ने प्रयोजनका निम्ति बाणगंगा नगरपालिका भित्र कुल २२ स्थानमा कन्ट्रोल प्वाईन्ट स्थापना गरिसकिएको र DGPS जडान गर्ने कार्य यथाशिघ्र सम्पन्न गरिने छ। आगामी आ.व.०७९/८० को शुरूवात देखि नै बाणगंगा नगरपालिका भित्र जग्गा नापी गर्ने कार्यको सुरुवात गरिनेछ।

१०४. आर्थिक वर्ष ०७९/८० नगरपालिका भित्रमा सबै भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको अभिलेख अनलाईन प्रणालिमा प्रविष्ट गरि निस्सा वितरण समेत गरिसकिएकोले जग्गाको नापि गर्ने, नक्सा श्रेस्ता तयार गर्ने कार्य समाप्त गरि सबै बाणगंगा नगरवासी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र पूर्जा वितरण गरिने व्यवस्था मिलाइनेछ।

१०५. नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित बनाइनेछ।

१०६. बाणगंगा भवन निर्माण संहिता समयानुकुल परिमार्जन गरी लागू गरिनेछ। नक्शा पास प्रकृयालाई प्रभावकारी बनाउन घुम्ति शिविर सञ्चालन गरिनेछ।

१०७. आ.व २०७९/८० मा घर नक्सा डिजिटाईजेसन गर्ने कार्यको सुरुवात गरिनेछ। डिजिटलाईज प्रविधिबाट नगर पाश्र्वचित्र अद्यावधिक गरिनेछ।

१०८. घर नम्वरिङ गर्ने तथा घरधुरी सम्बन्धी सम्पुर्ण तथ्याङ्कहरु एकीकृत रुपमा संकलन गरी सफ्टवेयर प्रणालीमा राख्ने कार्य सञ्चालन गरिनेछ।

१०९. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा उपलब्ध गराइएको तालिमलाई निरन्तरता दिइनेछ। यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरपालिकामा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिनेछ।

११०. भवन मापदण्ड लागुहुनु पूर्व सम्पन्न भएका घरको नक्शाङ्कन गरी नक्शा नियमित गरिनेछ। नयाँ बन्ने घर संरचनाहरुलाई अनिवार्य रुपमा नक्सा पास गर्ने कार्यलाई जोड दिईनेछ। नक्सा पास नगरी निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

१११. हालसम्म पनि बिद्युत लाइन जडान नभएका स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विद्युत लाइन जडानको व्यवस्था गरिनेछ। कतिपय स्थानहरुमा विद्युत लाइन जडान भए पनि लो भोल्टेजको कारणले उत्पन्न हुने समस्या समाधान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्रसँग समन्वय गरी विद्युत आपूर्तिलाई नियमित गरिनेछ।

११२. सम्पूर्ण नगरबासीको विद्युत सम्मको पहुँच सुनिश्चित गरिनेछ। विपन्नताको कारणले विद्युत मिटर जडान गर्न नसक्ने परिवारलाई निःशुल्क विद्युत मिटर जडान गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ।

११३. सबै वडा कार्यालयको सुरक्षित प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

११४. जटिल प्रकृतिका आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ ।

११५. उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।

११६. उपभोक्ता समितिबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका योजनाहरुमा कुल लागतको १० प्रतिशत रकम जन सहभागिता हुने गरी योजना सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।

## (घ) वन, वातावरण तथा विपद व्यवस्थापन

११७. नगर क्षेत्रभित्र रहेका सार्वजनिक स्थल र नदी किनारहरुमा स्थान अनुकूल वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

११८. वन्यजन्तुको अवैध शिकार, चोरी निकासी तथा ओसारपसार रोक्न सुरक्षा निकाय समेतको समन्वयमा गस्ती परिचालन गरिनेछ । वन संरक्षणको लागि नगरक्षेत्रका विभिन्न सामुदायिक वन उपभोक्ता समितिहरुसँग सहकार्य गरिने छ ।

११९. जीविकोपार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन नगरपालिकाभित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा फन पार्क, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१२०. नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

१२१. बढ्दो जनसंख्याको कारण नगरका सार्वजनिक स्थल र प्राकृतिक सम्पदाहरुको बढ्दो अतिक्रमण लाई नियमन र नियन्त्रण गर्न प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा गठित सार्वजनिक जग्गा संरक्षण उपसमितिलाई क्रियाशिल बनाई सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण, नदीउकास लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्दै लगिनेछ ।

१२२. **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"** भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ ।

१२३. नगर विपद् प्रतिकार्ययोजना बनाई नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, टोल विकास संस्था स्थानीय क्लब, संचारकर्मी, स्काउट र रेडक्रससँग सहकार्य गरी विपद न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२४. बाणगंगा नगरपालिकाको वारुणयन्त्र र विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको विपद् व्यवस्थापन केन्द्रको रूपमा स्थापना गरी वारुणयन्त्र सञ्चालनमा ल्याइने छ ।

१२५. उन्नत र सुधारिएको चुल्होको प्रयोगमा बढावा दिदैं नविकरणिय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१२६. नगरपालिका क्षेत्र भित्रका संवेदनशिल र जोखिममा रहेका सिमसार, पोखरी, तालतलैयाहरुको संरक्षण गर्ने कामलाइ अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१२७. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिवुटी, काठ, दाउरा, घाँसका लागि बहुमूल्य बोट विरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ । सामुदायिक वनको कोषलाई नगरपालिकासँगको समन्वय र सहकार्यमा विकासका आयोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

## (ङ) सुशासन तथा सेवा प्रवाह

१२८. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२९. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिम रहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्ने आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३०. स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ। जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्न गरि नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिनेछ।

१३२. नगरपालिका तथा वडा कार्यलयमा डिजिटल नागरिक .वडापत्र राखिनेछ। सेवाप्रवाहलाई प्रक्रियामुखि नभई परिणाममुखि बनाईनेछ।

१३३. जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ।

१३४. नगरपालिका केन्द्र, वडा कार्यालय र अन्तर्गतका कार्यालयहरुमा अनिवार्य विद्युतीय हाजिरीको व्यवस्था मिलाउने तथा नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनको व्यवस्था मिलाइनेछ।

१३५. पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ। नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीबाट सेवा प्रवाह गरिनेछ।

१३६. नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने प्रबन्ध मिलाईनेछ। सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरि नियमित रुपमा नगरपालिकाको आधिकारिक website, Facebook Page मार्फत सुचना प्रकाशन गरिनेछ।

१३७. सञ्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिनेछ। जनतासँग जनप्रतिनिधि जस्ता कार्यक्रम शुरूवात गरिनेछ। उत्कृष्ट सञ्चाकर्मीलाई सम्मान गर्दै पत्रकारितामैत्री नगरपालिकाको विकास गरिनेछ।

१३८. कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ साथै उत्कृष्ट कर्मचारी पुरस्कारको शुरूवात गरिने छ साथै कर्मचारीहरुको वृत्ति विकास सम्बन्धी मापदण्ड तथा कार्यविधी कार्यान्वयनमा ल्याइने छ।

१३९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको फोटो सहितको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ जसको लागि एम.आई.एस. अपरेटर, फिल्ड सहायक, वडा सचिव तथा अन्य कर्मचारी सेवा प्रदायकलाई आवश्यक तालिम प्रदान गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

१४०. अनलाइन प्रणाली लागु हुनु अघिका सबै घटना दर्ताहरु विवरणलाई डिजिटाइजेशन गरी अनलाइन प्रणालीमा प्रविष्टी गरिनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्न प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ।

१४१. उपभोक्ताहरुको हितलाई मध्येनजर राखि गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइनेछ।

१४२. संघीय सरकारको मालपोत तथा नापी कार्यालय स्थानीय तहलाई हस्तान्तरण गर्ने नीति अनुरुप मालपोत तथा नापी कार्यालय नगरपालिकाको मातहतमा ल्याई गुणस्तरिय सेवा प्रवाह गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पहल गरिनेछ।

१४३. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्व समेत आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासको नीतिलाई निरन्तरता दिईने छ।

१४४. नगरपालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईनेछ। उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई प्रोत्साहन गरिने छ।

१४५. विभिन्न विदेशी मुलुकसँग अन्तरराष्ट्रिय स्तरको भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१४६. २०७९ असोज मसान्तसम्म घर बहाल कर र व्यवसाय कर एकमुष्ट बुझाएमा १० प्रतिशत छुट तथा सहुलियत दिने व्यवस्था मिलाइनेछ।

१४७. करको दर कम र दायरा फराकीलो बनाउन प्रगतिशिल कर प्रणाली लागु गरिनेछ।

१४८. घर जग्गा बहाल कर असुली कार्यको शुरुवातका लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई अनिवार्य, व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजश्वसँग सम्वन्धित राजश्व शाखाका कर्मचारी, वडाका कर्मचारी, वडा समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था मिलाइ व्यवस्थित गरिनेछ।

१४९. समयमै सबैभन्दा बढी कर बुझाउने करदाता पहिचान गरी सम्मान गरिनेछ।

१५०. हालको संबैधानिक तथा कानूनी ब्यवस्था अनुसार राजश्व संकलनको लागि दरहरु कायम भइसकेको र थप दायरा निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिएकोले राजश्व प्रक्षेपण गर्नुभन्दा पहिले नै सरोकारवालाहरुसँग प्रर्याप्त परामर्श गेरर करको दर भन्दा दायरा फराकिलो बनाइनेछ।

१५१. करदाताले तिर्नुपर्ने कर रकम सम्वन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ।

१५२. स्थानीय तहलाई संविधानप्रदत्त प्राप्त न्यायिक अधिकारलाई जनताले प्रत्यक्ष अनुभुति गर्ने गरि सबलिकरण गरिनेछ।

१५३. गाँउघर समाजमा उत्पन्न विवादको सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ता मार्फत सम्भव भएसम्म दुवै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ।

१५४. न्याय प्रणालीलाई पहुँचयोग्य र सरलिकृत गरी न्यायिक समितिमा दर्ता भएका मुद्दाको निष्पक्ष छानविन गरि न्याय निरुपण गरिनेछ।

१५५. न्यायिक समितिका पदाधिकारी तथा नगर कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ। न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै न्याय सम्पादन गरिनेछ।

१५६. स्थानीय स्तरमा स्थापना भएका मेलमिलाप केन्द्रलाई समयसापेक्ष सक्षम र व्यवस्थित गरिदैं लगिनेछ।

१५७. सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि **"म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु"** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ।

**अन्त्यमा,**

**"समृद्ध बाणगङ्गाको मूलआधार, आर्थिक सामाजिक रूपान्तरण सहितको पूर्वाधार"** भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन्। यी नीतिहरुको सफल कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकारका सासंदज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, पूर्व माननीय सदस्यज्यूहरु, नगरपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण बाणगंगाबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। विकासका लागि एक्यबद्धतामा साथ दिनु हुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, नागरिक समाज, सञ्चारकर्मी, कर्मचारी, सहयोगी हातहरु लगायत सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु साथै देश भित्र र देश बाहिर रहनु भएका सम्पूर्ण बाणगंगा नगरबासीहरुले नगरको विकासमा सकारात्मक र रचनात्मक सुझाव, सल्लाह, सहयोग तथा सहकार्य गरी योगदान गर्नुहुनेछ भनि अपेक्षा लिएको छु।

**धन्यवाद। नमस्कार॥**

२०७९ असार ८ गते बुधबार

चक्रपाणी अर्याल
नगर प्रमुख
बाणगंगा नगरपालिका

## अनुसूची- ३

### एघारौं नगरसभाको प्रथम बैठकमा आफ्नो राय, सुझाव सहितको भनाई राख्ने नगरसभा सदस्यहरुको अभिलेख

१. विश्वास जि.सी.

- चिस्यानकेन्द्रको व्यवस्था गरी किसानहरुको उत्पादनलाई संरक्षण गरिने कार्यक्रम
- कृषकहरुको माग आकर्षणका लागि कृषि मार्ट निर्माण
- आधारभूत विद्यालयहरुलाई टिनको छाना मुक्त गरी सुरक्षित शैक्षिक पूर्वाधारहरुको निर्माण
- नगरको शैक्षिक गुणस्तर सुधार सम्बन्धी विभिन्न देशहरुले अवलम्बन गरेका आधारहरु अध्ययन गरी शिक्षक विद्यार्थी Exchange अवधारणा लागु गर्नुपर्ने ।
- सडकको दुवैसाईड नाली निर्माण पश्चात सडक कालोपत्रे गर्नुपर्ने ।

२. लक्ष्मी बहादुर खत्री

- बाणगङ्गा नगरपालिका भित्र रहेको पिपरा अस्पतालबाट सर्पदंस सेवा सञ्चालनको लागि पहल गर्नुपर्ने ।
- पिपरा नन्दनगरको बाटो स्तरोन्तीको लागि पहल गर्नुपर्ने ।

३. पिताम्बर वि.क.

- नीति तथा कार्यक्रमहरुमा छुट भएका समसामयिक विषयवस्तुहरुलाई समावेस गरी लैजानुपर्ने ।

४. रामशंकर थारु

- चक्रपथ निर्माणको लागि बजेट व्यवस्थापन गर्नुपर्ने ।

५. ज्ञानबहादुर कार्की

- जवही स्रोतको संरक्षण गर्ने नीति तर्जुमा,
- चुरे संरक्षण र आकासेपुल निर्माणको लागि पहल गर्नुपर्ने ।
- नदीजन्य सामाग्रीको उत्खनन, व्यवस्थापन र चोरी निकासी रोकथामको लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने साथै औधोगिक क्षेत्रको पहिचान गरी उत्पादनलाई वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्ने ।

६. चुरामणी अर्याल

- रामकुमार बाबा - पुजा परम्परालाई संरक्षण र विकास गर्नुपर्ने ।
- वडा नं. ९ मा रहेको रामजानकी मन्दिर कुटी संरक्षण गर्नुपर्ने ।
- सडक कालोपत्रे गर्नुपूर्व सडकका अन्य स्थायी संरचनाहरु निर्माण गर्नुपर्ने ।
- विद्यालय व्यवस्थापन समिति निर्माणको लागि अविलम्ब पहल गरिनुपर्ने ।

आज मिति २०७९।०३।१० गते शुक्रबारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको एघारौं नगर सभाको दोस्रो बैठक बसी तपशिल बमोजिमको कार्यसूची माथि छलफल गरो आवश्यक निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

<u>उपस्थिति:</u>

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | | [signature] |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | | [signature] |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | १ | [signature] |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | [signature] |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | [signature] |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | [signature] |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | [signature] |
| ८ | करुण टण्डन | वडाध्यक्ष | ६ | [signature] |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | ७ | [signature] |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | [signature] |
| ११ | कमल पौडेल | वडाध्यक्ष | ९ | [signature] |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | [signature] |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | [signature] |
| १४ | लक्ष्मी बहादुर खत्री | खुला सदस्य | १ | [signature] |
| १५ | राज कुमार थारु | खुला सदस्य | १ | [signature] |
| १६ | टोपकला वि सि | महिला सदस्य | १ | [signature] |
| १७ | सिता सुनार | दलित महिला सदस्य | १ | [signature] |
| १८ | प्रेम बहादुर रौतार थारु | खुला सदस्य | २ | [signature] |
| १९ | झिमलाल सापकोटा | खुला सदस्य | २ | [signature] |
| २० | शान्ता पाण्डे | महिला सदस्य | २ | [signature] |
| २१ | सोमनाथ राना | खुला सदस्य | ३ | [signature] |
| २२ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | [signature] |

| | | | | |
|---|---|---|---|---|
| २३ | गंगा देवि सुनार | दलित महिला सदस्य | ३ | |
| २४ | चिन्कु थारु | खुला सदस्य | ४ | |
| २५ | नन्द किशोर थारु | खुला सदस्य | ४ | |
| २६ | चन्द्रवती थारु | महिला सदस्य | ४ | |
| २७ | कुमारी पवित्रा सार्की | दलित महिला सदस्य | ४ | |
| २८ | ज्ञान बहादुर कार्की | खुला सदस्य | ५ | |
| २९ | बुद्धु थारु | खुला सदस्य | ५ | |
| ३० | नैना कुमारी थारु | महिला सदस्य | ५ | |
| ३१ | मिना दर्जी | दलित महिला सदस्य | ५ | |
| ३२ | गुरु प्रसाद थारु | खुला सदस्य | ६ | |
| ३३ | यम बहादुर प्युठानी | खुला सदस्य | ६ | |
| ३४ | पसपतिया चौधरी | महिला सदस्य | ६ | |
| ३५ | तारा दुतराज | दलित महिला सदस्य | ६ | |
| ३६ | सावित्रा थारु | महिला सदस्य | ७ | |
| ३७ | मुम बहादुर पाण्डे | खुला सदस्य | ७ | |
| ३८ | हरि शंकर पौडेल | खुला सदस्य | ७ | |
| ३९ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | |
| ४० | विश्वास जि सी | खुला सदस्य | ८ | |
| ४१ | शैलेन्द्र बेल्बासे | खुला सदस्य | ८ | |
| ४२ | जुनादेवि थारु | महिला सदस्य | ८ | |
| ४३ | शारदा परियार | दलित महिला सदस्य | ८ | |
| ४४ | चुरामणी अर्याल | खुला सदस्य | ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | |
| ४६ | नुमलाल चौधरी | खुला सदस्य | ९ | |
| ४७ | केशरा गुरुङ्ग | महिला सदस्य | ९ | |
| ४८ | रुपनारायण थारु | खुला सदस्य | १० | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | राम शंकर थारु | खुला सदस्य | १० | |
| ५० | दानु घर्ती | महिला खुला सदस्य | १० | |
| ५१ | सर्मिला चमार | दलित महिला सदस्य | १० | |
| ५२ | बाजबुल लैन | खुला सदस्य | ११ | |
| ५३ | जगनारायण थारु | खुला सदस्य | ११ | |
| ५४ | इमकला खत्री क्षेत्री | महिला खुला सदस्य | ११ | |
| ५५ | सावित्री वि.क. | दलित महिला सदस्य | ११ | |
| ५६ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | | |
| ५७ | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | | |
| ५८ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| ५९ | टेकराज पन्थी | सचिव | | |

**एघारौं नगरसभाको मिति २०७९।०३।१० गतेको दोस्रो बैठकबाट भएका निर्णयहरु:-**

**निर्णय नं. १**

यस नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ मा भएका वित्तिय तथा प्रशासनीक कार्यहरुको लेखापरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयबाट खटिएको टोलीबाट लेखापरीक्षण सम्पन्न भएको र प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुहरु सम्परीक्षण गराई फछ्यौंटको लागि यस कार्यालयको प्रतिक्रिया सहित महालेखा परीक्षकको कार्यालयमा पठाउने र अनुसूची-१ मा अभिलेख गर्ने।

**निर्णय नं. २**

यस एघारौं नगरसभाको दोस्रो बैठको कार्यसूची तथा कार्यक्रम अनुसूची-२ र नगरसभामा पेश भएको चालु आर्थिक वर्ष २०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रम अनुसूची-३ बमोजिम अभिलेख गर्ने र छलफलको लागि निरन्तरता दिँदै एघारौं नगरसभाकै आगामी बैठकमा स्वीकृतिको लागि पेश गर्ने साथै नगरसभाका विभिन्न विषयमा आफ्नो राय पेश गर्ने नगरसभा सदस्यहरुको अनुसूची-४ बमोजिम अभिलेख गर्ने ।

**निर्णय नं. ३**

आ.व.०७८।७९ मा बाणगङ्गा नगरपालिकाको न्यायीक समतिमा दर्ता उजुरीहरु र तिनिहरुको न्यायीक निरुपण गरी फछ्यौंट भएका उजुरीहरुको समेत प्रतिवेदन नगरसभामा पेश भई छलफल भयो सो प्रतिवेदन अनुसूची-५ मा अभिलेख गर्ने।

**निर्णय नं. ४**

यस नगरपालिका अन्तर्गत वडा नं. ११को हथौसामा कृषि उपज संकलन केन्द्र निर्माणको लागि आर्थिक वर्ष ०७७।७८ मा ठेक्का नं. 17/NCB/BMO/KAPIL/WORKS/77.78 को रु.२,०७,२८,७९४.४१ मा सम्झौता भई हालसम्म १,८४,११,४८७.४१ भुक्तानी भैसकेको र रु.२३,१७,३०७।- भुक्तानी बांकी रहेकोले भुक्तानी बांकी रकम भगलापुर बड्की, बनकसिया हरनामपुर र वैदौली भगलापुर जोड्ने सडक कालोपत्रे शिर्षकमा खर्च नभई बांकी रहेको रकमबाट भुक्तानी उपलब्ध गराउने।

**निर्णय नं. ५**

नेपालको संविधानको धारा २१७ मा व्यवस्था भए अनुसार कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायीक समिति रहने व्यवस्था भए बमोजिम निम्नानुसारको न्यायीक समिति गठन गर्ने।

न्यायीक समिति

| | | |
|---|---|---|
| संयोजक | - | रीता कुमारी चौधरी |
| सदस्य | - | शान्ता पाण्डे |
| सदस्य | - | मुमबहादुर पाण्डे |

**निर्णय नं. ६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम समितिको गठन सम्बन्धमा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै नगरसभा सदस्यको संयोजकत्वमा विधायन समिति गठन गर्ने व्यवस्था भएबमोजिम निम्नानुसारको विधायन समिति गठन गर्ने।

| | | |
|---|---|---|
| संयोजक | - | बाबुराम अर्याल |
| सदस्य | - | सावित्रा बि.क. |
| सदस्य | - | हरिशंकर पौडेल |
| सदस्य सचिव | - | प्रशासन शाखा |

**निर्णय नं. ७**

२०७४।०८।१ गतेको निर्णयानुसार आर्थिक वर्ष २०७४।०७५ देखि ०७६।७७ सम्म दमकल चालकले संचार र अग्नि नियन्त्रणमा खटिएको दिनको जोखिम भत्ता र अग्नि नियन्त्रक (फायरमेन) हरुले अग्नि नियन्त्रणमा खटिएको जोखिम भत्ता सुविधा उपलब्ध गराईदै आएकोमा निजहरुको कार्य सन्तोषजनक देखिएकोले यस आर्थिक वर्षमा समेत चालकको संचार खर्च रु.५००।- प्रति महिना र चालक तथा अग्नि नियन्त्रक (फायरमेन) को जोखिम भत्ता वापत प्रति खटिएको दिनको रु.५००।- का दरले प्रतिव्यक्ति उपलब्ध गराउने।

**निर्णय नं. ८**

यस नगरपालिका अन्तर्गत आ.व.०७९।०८० मा लगाईने आन्तरीक आय ठेक्काहरुको न्यूनतम अंक निम्नानुसार निर्धारण गर्ने।

| सि.नं. | आन्तरीक आय ठेक्काको नाम | न्यूनतम ठेक्का अंक |
|---|---|---|
| १ | नगरभित्र संकलन भई बाहिर निकासी हुने कवाडी माससमान | ३,५०,०००।- |
| २ | विज्ञापन कर | ५,००,०००।- |
| ३ | नगरभित्र उत्पादन भई नगर बाहिर निकासी हुने पशुजन्य, बनजन्य एवम् अन्य उत्पादन | ९,००,०००।- |
| ४ | नगरभित्र एक तह प्रसोधन भई नगर बाहिर निकासी हुने नदीजन्य पदार्थको भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क | १,५०,००,०००।- |

निर्णय

आ. व. २०७७/०७८ को अन्तिम लेखापरिक्षणको क्रममा प्रारम्भिक प्रतिवेदनमा औल्याईएका विषयवस्तुहरु माथि छलफल गरियो । बाणगंगा नगरपालिकाको अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनबाट यस कार्यालयको वित्तिय विवरण तथा कारोबारको यथार्थ चित्रण गरी वित्तिय सुशासनका लागि गहन सुझाव पेश भएकोमा नगरपालिका महालेखा परिक्षकको कार्यालयलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ । बाणगंगा नगरपालिकाको तर्फबाट लेखा परिक्षणबाट व्यक्त देहायका विषयमा बिषयबस्तुको बास्तविक अवस्था, सुधारको प्रतिबद्धता र आवश्यक प्रमाण सहित प्रतिकृया तथा सम्परिक्षणका लागि महालेखा परिक्षकको कार्यालय समक्ष पठाउने निर्णय गरियो ।

१. विद्यालयको लेखापरिक्षण प्रतिवेदन

विद्यालयको लेखा परिक्षण भएको भएता पनि लेखा परिक्षण अबधिभित्र सबै विद्यालयको लेखापरिक्षण नभएकोले सो अबधिमा प्रतिवेदन पेश गर्न नसकिएको र हाल सबै बिद्यालयको लेखा परिक्षण सम्पन्न भएको छ । कार्यान्वियन योग्य प्रस्तुत सुझाव कार्यान्वयन गर्नेछौं ।

२. कोभिड १९ स्वास्थ्य सुरक्षा व्यवस्थापन अनुदान

कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा विद्यालयलाई दिइएको स्वास्थ्य सुरक्षा व्यवस्थापन खर्च पुष्टी गर्ने बिल भर्पाइ र खर्च नभएको मौज्दात रहेको रकमको बेरुजु खातामा दाखिला गराइ आवश्यक प्रमाण पेश भएकोले बेरुजु रकम हटाउनु हुन ।

३. महोत्सब तथा अन्य खर्च

नगर क्षेत्रभित्र विभिन्न आदिवासी, जनजाति, बहुसंस्कृतिक, बहुधार्मिक समुदायको बसोबास रहेको छ । सो समुदायको परम्परागत भेषभुषा, पर्व, जात्रा, विशिष्ट चालचलन, धर्म, संस्कृति लोप हुन नदिइ त्यसको संरक्षण, सम्वर्द्धन, प्रबर्द्धन गरी सबै समुदायको सांस्कृतिक पहिचान जगेर्ना गर्न कार्यालयले सानो सहयोग गरेको हो ।

४. प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

सुझाव भए बमोजिम रिक्त पदहरु पूर्ति गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ ।

चक्रपाणी अर्याल
नगर प्रमुख

५. तलबी प्रतिवेदन

आ.ब. २०७७/७८ मा कार्यालयमा आन्तरिक लेखा परिक्षण शाखा र उक्त शाखामा दरबन्दी रिक्त भएको, जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगरिएको हुँदा तलबी प्रतिवेदन पारित नभइ अनिवार्य दायित्व अन्तर्गतको कर्मचारी पारिश्रमिक भुक्तानी भएको हो । हाल कार्यालयमा आ.ले.प. अधिकृत कार्यरत भएकोले आगामि बर्षबाट तलबी प्रतिवेदन पारित पश्चात मात्र पारिश्रमिक भुक्तानी गरिनेछ ।

६. प्रोत्साहन भत्ता

कार्यालयबाट बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७५ बमोजिम अतिरिक्त समयको कार्य, कर्मचारीको कार्यकुशलता आदि मुल्यांकन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइएको हो ।

७. सम्पत्ति हस्तान्तरण

कार्यालयमा रहेका, प्रयोग भइरहेको विभिन्न जिन्सी सामाग्रीहरुको जिम्मेवारी सारी प्रतिवेदन गरिएको छ। प्रतिवेदनमा औल्याइए जस्ता चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख अझ व्यवस्थित राखिने छ ।

८. सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

कार्यान्वन योग्य सुझाब भएकोले कार्यालयले सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी व्यवस्थित अभिलेख राखेछ ।

९. कल्याण कोष

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले कार्यपालिको कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट प्रवाह गरिने सेवा र विकास कार्यको लागि स्थायी, करारमा कर्मचारी व्यवस्थापन गरेको अवस्थामा कर्मचारीलाई सामाजिक सुरक्षा प्रदान गर्ने हेतुले रु.१०००००० रकम विनियोजन भएकोमा विविध खर्च खातामा रकम जम्मा गरिएको हो । साविकका कर्मचारी कल्याण कोष नभइ नगरको विविध खर्च खातामा रकम दाखिला भएको र सम्पुर्ण कर्मचारीलाई योगदानमुलक सामाजिक सुरक्षा प्रदान गर्ने राष्ट्रिय लक्ष्य मुताविक उक्त रकमको ब्यवस्था गरिएकोले शिघ्र स्थानीय सरकार संचालन ऐन, २०७४ र संचालनसम्बन्धी कानून निर्माण गरी कोष परिचालन गरिनेछ ।

१०. खाना तथा बिविध खर्च

कार्यालयको बैठक लगायतका अत्यावश्यक बिशिष्ट कार्यक्रममा मात्र विविध खर्च गरी वर्तमान खर्च प्रवृत्ति क्रमश: सुधार गरिनेछ ।

११. बैंक हिसाब मिलान

चालु र पुँजीगत खाताको बैंक र श्रेष्ता बिंच अन्तर रु.४२६६२० बराबरको रकमको चेक सटही हुन बाँकि भएकोले हिसाब मिलान फरक हुन गएको र सो सम्बन्धमा सटही नभएको विवरण SuTRA प्रणालीमा प्रविष्टी गरिएको छ ।

१२. न्यायिक समिति

सुझाब कार्यान्वयन योग्य भएकोले कार्यान्वयन गरिनेछ ।

१३. कानून र सञ्चालन स्थिति

पालिकाको कानूनी व्यवस्था बारेमा जानकारी लिनु दिनु भएकोमा आभार व्यक्त गर्दछौं ।

१४. औषधि खरिद

बुद्युतिय खरिद बिधिबाट आर्थिक बर्षको सुरुवाती समयमा औषधि खरिद गरी मौज्दात रहेको रकमको मात्र सोझै खरिदको प्रकृया अवलम्बन गरी खरिद गरिएको छ । अन्य औषधिको गुणस्तर कायम गर्ने, जिन्सी अभिलेख व्यवस्थित गर्ने लगायतका सुझाब ग्रहण गरी कार्यान्वयन गरिनेछ ।

१५. मालसमानको गुणस्तर परीक्षण

खरिद सामाग्रीको माग गरिएको स्पेशिफिकेसन र गुणस्तर जाँच गर्ने बिषय कार्यान्यनयोग्य सुझाबले कार्यान्वयन गरिनेछ ।

१६. सार्वजनिक परीक्षण

कार्यालयले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाइ गरी जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने कार्य गरेको र यसलाई अझ बिस्तारित गर्दै गइनेछ ।

१७. आन्तरिक नियन्त्रण प्रणाली

प्रस्तुत प्रतिवेदन बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्राणाली प्रभावकारी र विश्यवसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।

१८. म.ले.प. फारमहरुको प्रयोग

कार्यालयबाट कामको प्रकृतिअनुसार म.ले.प. फारमहरु तथा अन्य फारमको प्रयोग गर्ने कार्यलाई पूर्णरुपमा पालना गरिनेछ ।

१९. भ्रमण खर्च

सुझाब कार्यान्वयन योग्य भएकोले कार्यान्वयन गरिनेछ ।

२०. बेरुजु लगत

उल्लिखित सुझाब कार्यान्वयन गर्दै गइनेछ ।

२१. अबण्डा बजेट

सुझब प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत सकारात्मक सुझाब कार्यान्वयन गरिने छ ।

२२. बजेट सीमा निर्धारण समिति

कानून बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समित गठन भइ आयको प्रक्षेपण, बजेट सिमा निर्धारण, बजेट तर्जुमामा मार्गदर्शन गरिएको छ ।

२३. बजेट तथा कार्यक्रम तर्जुमा

पेश भएको सुझाब कार्यान्यन गरिनेछ ।

२४. नीति तथा मार्गदर्शन

कार्यालयले नीति तथा मार्गदर्शनमा प्रस्तुत विषयवस्तु कार्यान्वयनमा सक्रियता देखाउनेछ ।

२५. त्रैमासिक पूँजीगत खर्च

नगरपालिकाको आर्थिक वर्षान्तमा खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न आवश्यक कार्य गरिनेछ ।

२६. स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्साङ्कन

कार्यान्यन योग्य प्रस्तुत सुझाब कार्यान्वियन गर्नेछौं ।

२७. जोखिम आंकलन र पूर्व तयारी

नगरपालिलकाले महामारीबाट हुने जोखिम आंकलन तथा नियन्त्रण र रोकथामका लागि आवश्यक रणनीति र कार्ययोजना बनाइ कार्यान्वियन गर्नेछ ।

२८. शिक्षक दरबन्दी र पदपूर्ति

प्रतिवेदन भए बमोजिम शिक्षक शिक्षिका व्यवस्थापन एवं दरबन्दी अनुसार शिक्षक शिक्षिका पदपूर्ति गर्न आवश्यक पहल गरिनेछ ।

२९. रकम ट्रान्सफर

आर्थिक बर्षको अन्त्यमा चालु पुँजीगत खाताको रकम संचित कोष खातामा ट्रान्सफर गरिएको भएता पनि नदीजन्य पदार्थ बिक्रीबापतको रकम विभाज्य कोषमा संकलन भएकोमा अदालतमा नदीजन्य ठेक्काको विषय प्रवेश भएको, पक्षले उठान गरेको विषयको अन्तिम टुङ्गो लागि नसकेको हुँदा नियमानुसार निर्माण व्यवसायीले पाउने क्षतिपुर्ति, नगरलाइ बुझाउने राजस्व र प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने रकम हालसम्म पनि एकिन गर्न नसकिएकोले केही रकम विभाज्य कोष खातामा रहेको छ । आ.ब. २०७७।७८ मा खोला ठेक्का बापत

नगरको विभाज्य कोषमा संकलन भएको मध्ये विभिन्न मितिमा नगरपालिकाको सञ्चित कोष खातामा जम्मा रु.४६०६४१६१।- ट्रान्फर पश्चात विभाज्य कोषमा उल्लिखित रकम मौज्दात रहेको हो । उक्त विवाद सृजना हुन गएको बिषय टुङ्गिए पश्चात कानून बमोजिम सम्बन्धित खातामा ट्रान्सफर तथा बाँडफाँड भइ प्रमाण पेश हुने भएकोले यो विषय शैद्धान्तिक रुपमा औल्याउन मनासिब ठानिन्छ ।

३०. उपभोक्ता समितिबाट कार्यान्वयन

कार्यालयले जटिल पूर्वाधार निर्माणको कार्य समावेश नभएको श्रममुलक कार्य उपभोक्ता समितिबाट गराइ अन्य निर्माण कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट विद्युतिय खरिद बिधिबाट प्रतिस्पर्धात्मक रुपमा कार्यान्यन गर्नेछ ।

३१. बढी भुक्तानी

प्रस्तुत विषयमा दर रेट बिष्लेषण गर्दा २०७५ सालको प्रयोग गर्नुपर्नेमा भुलबस २०७२ को प्रयोग भएको । आगामि दिनमा अद्यावधिक पछिल्लो दर रेट कायम गरिनेछ ।

३२. बढी भुक्तानी

फिल्डमा १६ mm को डण्डी प्रयोग भएको भएतापनि उपभोक्ता समितिले सचेतताको अभावमा सो भन्दा कम नापको डण्डीको बिल राखेकोले कामको आधारमा मुल्यांकन भएकोले नियमसंगत देखिन्छ ।

३३. बढी भुक्तानी

प्रस्तुत विषयमा दर रेट बिष्लेषण गर्दा २०७५ सालको प्रयोग गर्नुपर्नेमा भुलबस २०७२ को प्रयोग भएको । आगामि दिनमा अद्यावधिक पछिल्लो दर रेट कायम गरिनेछ ।

३४. अतिरिक्त वेष्टेज

प्रस्तुत विषयमा दर रेट बिष्लेषण गर्दा २०७५ सालको प्रयोग गर्नुपर्नेमा भुलबस २०७२ को प्रयोग भएको । आगामि दिनमा अद्यावधिक पछिल्लो दर रेट कायम गरिनेछ ।

३५. बढी भुक्तानी

प्रस्तुत विषयमा दर रेट विश्लेषण गर्दा २०७५ को प्रयोग गर्नुपर्नेमा भुलबस २०७२ को प्रयोग भएको छ । सो अनुसार २०७५ को दररेट तपसिल बमोजिम हुन आउने कुरा यसै पत्रसाथ अनुरोध छ । साथै दररेट विश्लेषणमा प्रतिवेदनमा खुलाइएको दररेट केही फरक पाइएकोले यसै अनुसार मिलान गरी प्रतिवेदन गर्नुहुन अनुरोध छ ।

| भौ.नं. र मिति | उपभोक्ता समिति | प्राइम कोट | | ट्याक कोट | | प्रिमिक्स | | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १३७–२०७८।३।९ | दक्षिण चोतियादेखि पिपरचौडा जोड्ने सडक | 2,434.20 | 156.77 | 1,498.05 | 156.77 | 50.00 | 12,340.65 | 239,689.02 |
| ८४–२०७८।१।३ | भरूलावास वसपार्क सडक | 1,123.50 | 149.04 | 847.50 | 149.04 | 19.49 | 12,833.19 | 112,220.44 |
| ९३–२०७८।२।६ | बठनपुरादेखि झंगा सडक | 1,013.80 | 149.04 | 738.80 | 149.04 | 17.73 | 12,873.23 | 100,681.12 |
| १५५–२०७८।३।१५ | दुर्गा मन्दिर भुषालटोल सडक | 1,058.75 | 149.75 | 892.38 | 149.59 | 20.97 | 12,873.23 | 116,522.49 |
| २६१–२०७८।३।२८ | पठानपुरा निवुवा सडक | 132.40 | 149.49 | 104.00 | 149.59 | 2.60 | 12,873.23 | 14,071.10 |
| १८३–२०७८।३।२२ | दुर्गा मन्दिरदेखि बग्दी कुलो सडक | 288.75 | 149.04 | 225.90 | 149.04 | 5.31 | 12,833.19 | 29,689.47 |
| ३५५–२०७८।३।२७ | विष्णु घिमिरेको घरदेखि सडक | 431.90 | 149.59 | 348.00 | 149.59 | 7.76 | 12,873.23 | 45,487.76 |
| ३५३–२०७८।३।२७ | लक्ष्मण खनालको घरदेखि सडक | 895.00 | 149.59 | 537.00 | 149.04 | 19.90 | 12,833.19 | 87,668.43 |
| ३३४–२०७८।३।२४ | डाडा कुला तल्लो चौपारी सडक | 589.50 | 149.59 | 489.05 | 149.59 | 11.49 | 12,873.23 | 64,088.06 |
| १९४–२०७८।३।२४ | झण्डादेखि डोहोटे जाने बाटो | 5,034.50 | 149.04 | 3,452.81 | 149.04 | 115.09 | 12,833.19 | 519,020.81 |
| २०५–२०७८।३।२५ | डडौलीदेखि बुद्ध मार्गसम्म | 827.35 | 149.04 | 707.00 | 149.04 | 16.56 | 12,833.19 | 90,200.99 |
| २१८–२०७८।३।२७ | कमानन्दको घरदेखि सडक | 4,495.50 | 149.04 | 3,747.06 | 149.04 | 93.68 | 12,833.19 | 489,509.27 |
| | जम्मा | | | | | | | 1,908,848.97 |

| Name of Work | 2072 Rate | 2075 Rate |
|---|---|---|
| Prime Coat | 149.04 | 114.43 |
| Track Coat | 149.59 | 92.15 |
| Premix Coat | 12833.19 | 11544.23 |

३६. नर्म्सको प्रयोग

प्रस्तुत विषयमा दर रेट बिश्लेषण गर्दा २०७५ सालको प्रयोग गर्नुपर्नेमा भुलबस २०७२ को प्रयोग भएको । आगामि दिनमा अद्यावधिक पछिल्लो दर रेट कायम गरिनेछ

३७. नर्म्स भन्दा बढी बिश्लेषण

समितिबाट इन्धनको बिल पेश भएतापनि प्राविधिक मुल्यांकनमा इन्धनसहितको मेसिनंको दर बिश्लेषण कायम भएकोले खर्च नियम सम्मत देखिन्छ ।

३८. अग्रिम आयकर

झण्डा मिल चोकदेखि डोहोटे जाने सडक कालोपत्रे निर्माण कार्यको जम्मा मुल्यांकन रु.७४८०८३५.४२ रहेकोमा १.५% अग्रिम आयकर रु. ७३८७८ कट्टी भएको र अन्य अग्रिम आयकरहरु बापत बहाल कर रु. ५१९४०, सामाजिक सुरक्षा कर रु.१२६६८ समेत गरी जम्मा अग्रिम आय कर रु.१३८४८६ कट्टी गरिएको हुँदा नियमानुसार कर कट्टी भइ अग्रिम आयक कर छुट नभएकोले नियमानुसार भुक्तानी भएको छ ।

३९. आन्तरिक लेखापरिक्षण

आ.ब. २०७७/७८ मा कार्यालयमा आन्तरिक लेखा परिक्षण शाखा नरहेको र उक्त शाखामा दरबन्दी रिक्त भएको, जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तरसरकारी अख्तियारी अन्तर्गतका क्रियाकलापको मात्र आन्तरिक लेखा परिक्षण भएको हो । हाल कार्यालयमा आन्तरिक लेखा परिक्षण शाखामा आ.ले.प. अधिकृत कार्यरत भएकोले आगामि बर्षबाट आन्तरिक लेखापरिक्षण गराइ आन्तरिक नियन्त्रण प्राणाली प्रभावकारी हुनेछ ।

४०. विभाज्य कोष

नदीजन्य पदार्थ बिक्री बापतको रकम प्रदेश र स्थानीय तहले बाँडफाँड गर्नुपर्ने व्यवस्था भएकोमा खोला ठेक्का बापत संकलित रकम विभाज्य कोषमा दाखिला भएको अदालतमा नदीजन्य ठेक्काको बिषय प्रवेश पाएपश्चात हालसम्म उठान गरिएको विषय अन्तिम टुङ्गो लागि नसकेको हुँदा नियमानुसार निर्माण व्यवसायीले नगरलाइ बुझाउने राजस्व, निर्माण व्यवसायीले पाउने क्षतिपुर्ति र प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने रकम एकिन गर्न नसकिएकोले सो रकम विभाज्य कोष खातामा रहेको हो । उक्त बिषय टुङ्गिए पश्चात कानून बमोजिम सम्बन्धित खातामा ट्रान्सफर हुनेछ । तसर्थ प्रस्तुत गरिएको बिषय परिस्थितिबश कारणले सृजित भएको हुँदा शैद्धान्तिक विषयको रुपमा लिनुहुन मनासिब देखिन्छ ।

४१.कर तथा शुल्क असुली

सुझाव कार्यान्वयन योग्य रहेकोले कार्यान्वयन गरिनेछ ।

४२. पकेट विकास कार्यक्रम

क) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ४ को दफा ४.१.४ अनुसार उन्नत गाईको संख्या कम्तिमा १०० हुनुपर्ने र दुध उत्पादन १००० लि. प्रतिदिन हुनुपर्नेमा सूचना प्रकाशन गर्दा पेश हुन आइ सम्झौता गरिएको कृषि तथा पशु विकास बहुउद्येश्यिय सहकारी संस्था लि. मा ८३ जना पशुपालक कृषकहरुको उन्नत गाई संख्या ३०२ रहन गइ प्रतिदिन दुध उत्पादन १००० लि. हुने देखिन्छ, जुन कार्यक्रम कार्यान्वयन म्यानुअलको मापदण्ड बमोजिम नै हुन्छ ।

ख) उक्त कार्यक्रममा ६० लाख व्यवस्था भएकोमा नगरको रु.३०००००० र संस्थाको रु.३०००००० साझेदारी रहको ।

| | नगर | संस्था | जम्मा |
|---|---|---|---|
| साझेदारी कार्यक्रम | २४५५००० | ३०००००० | ५४५५०००. |
| नगरको सहयोग | ५४५००० | ० | ५४५००० |

| | | | |
|---|---|---|---|
| जम्मा | ३०००००० | ३०००००० | ६०००००० |

यसरी संस्था र नगरको साझेदारी रकम रु. ५४५५००० रहेको र बाँकि रु. ५४५००० नगरले मात्र गर्ने कार्यक्रम भएको र कार्यक्रम म्यानुअलमा कहि कतै यति प्रतिशत किटान नगरिएको हुँदा साझेदारी रकमको काम सम्पन्न भए पश्चात भुक्तान भएको रकम नियमसँगत देखिन्छ । संस्थाले सम्झौता अनुसार २४५५००० बराबरको लागत साझेदारी गर्दा ५०% साझेदारी भएसा जम्मा रु.४९१०००० को बिलभर्पाइ पेश हुनु पर्नेमा संस्थाले बिल भर्पाइ रु.५४३२५४७ पेश गरेको देखिन्छ। तसर्थ सम्झौता भन्दा बढी भुक्तानी भएको देखिनएन ।

यसरी समष्टीगत रुपमा उक्त संस्था बढी रकम भुक्तानी लिएको दखिदैन । तसर्थ उल्लिखित कार्यक्रमको बेरुजु भनी औंल्याइएको रकम हटाइदिनुहुन अनुरोध छ ।

४३. लघु उद्यम

गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम प्रबिधि हस्तान्तरणको अन्तर्गत कुल प्रविधि २०% रकम रु.६२८०३।- बेरुजु दाखिला गरिएको भौचर संलग्न छ ।

४४. वितरणमुखी कार्यक्रम

प्रस्तुत विषयबस्तु ग्रहणयोग्य भएको हुँदा कार्यालयले वितरणमुखी कार्यक्रम नियन्त्रण गर्दै उत्पादकत्व वृद्धि हुने कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

४५. टेलिभिजन तथा एफ.एम. लाई भुक्तानी

प्रतिवेदनमा उल्लिखित सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट जस्ता विषय कार्यान्वयनमा कार्यालय क्रियाशिल रहने छ । त्यसको अतिरिक्त सञ्चार माध्यमको संरचना सुधार एवं क्षमता विकासबाट स्थानीय बासी नै सुसूचित भइ सुशासनमा टेवा पुग्ने हुँदा कार्यालयले नाफामुखी संस्था नभइ सामुदायिक रेडियो र टेलिभिजनका लागि बजेटमा ब्यवस्था गरी जनहितलाई प्राथमिकता दिइ संस्थाको

लागि सहयोग गरेको र तदअनुरुप क्रियाकलाप सम्पन्न भए पश्चात कामको आधारमा भुक्तानी गरिएकोले सामाजिक शशक्तिकरण एवं शुसाशन अन्तर्गत खर्च भएकोले नियमसंगत देखिन्छ ।

४६. गुणस्तर परिक्षण

सामान्यतया स्थानीय श्रमको उपभोग हुने सानो रकमका आयोजना उपभोक्ता समितिबाट गराउने गरिएको हुँदा उल्लिखित समितिको लागत सहभागिताका योजनाको प्राविधिक मुल्यांकन, अनुगमन प्रतिवेदन लगायतको आधारमा भुक्तानी गरिएको र ल्याब टेस्ट रिपोर्ट पेश हुन सकेको छैन । आगामी आयोजना कार्यान्वयनको क्रममा गुणस्तरमा सुनिश्चित हुन ल्याब टेस्ट लगायतका कार्य गरिने छ ।

४७. योजना छनौट र कार्यान्वयन

कार्यान्यन योग्य प्रस्तुत सुझाव कार्यान्वयन गर्नेछौं । प्राप्त सुझाव अनुसार कार्यालयले न्यून बजेट भएका र लागत प्रभावी नहुने किसिमका योजनामा क्रमश: कटौटी गरी सहभागितामूलक, उत्पादनमुलक र उच्च प्रतिफल प्राप्त हुने योजनामा प्राथमिकता दिदै योजना व्यवस्थापन र चालु प्रकृतिको कार्यको खर्च कटौटी गर्नेछ ।

४८. आय ठेक्का

नदीजन्य पदार्थ विक्रीवापत निर्माण व्यवसायीले आफुले सम्झौता बमोजिमको नदीजन्य पदार्थको परिमाण निकाल्न नपाएकोले क्षतिपुर्ति पाउ भनी अदालतमा नदीजन्य ठेक्काको बिषय प्रवेश गरेको, निर्माण व्यवसायीले पाउने क्षतिपुर्ति तथा निर्माण व्यवसायीले नगरलाइ बुझाउने राजस्वबारे अझै कानूनी फैसला तथा मेलमिलाप हुन नसकेको हुँदा उल्लिखित रकम उठाउन नसकिएको हो । नगरले उठाउनु पर्ने रकम यकिन भएपश्चात सो रकम आम्दानी हुनेछ ।

४९. अनुदान फिर्ता

संघीय सरकार शसर्त अनुदानबाट सञ्चालित कृषि उपज केन्द्र कोभिड-१९ महामारीको कारण आर्थिक दायित्व नबढने गरी नेपाल सरकार एवं नगर कार्यपालिकाको निर्णयानुसार आ.ब. २०७८/७९ को चैत्र महिना सम्म म्याद थप भइ बहुबर्षिय योजना अन्तर्गत कार्यान्वयन भइ हाल कार्यसम्पन्न समेत भइ सकेको छ । यसरी

सम्झौता अनुसार दायित्व सृजना भएको र बिशेष प्रकृतिको आयोजना कार्यान्वयनका क्रममा नेपाल सरकारबाट निकासा भइसकेको स्रोतबाट ब्यवस्थापन हुनु नियमसंगत देखिन्छ । साथै बिशेष अनुदानको खर्च पश्चात मौज्दात रहेको सबै रकम फिर्ता गरिएको छ ।

५०. खाता रोक्का राखी निकासा

शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्यिन पुस्तिका अनुसार नमुना विद्यालयको लागि विनियोजित शसर्त रकम विद्यालयको खातामा निकासा दिनुपर्ने भन्ने उल्लेख भए बमोजिम रु.१५००००० विद्यालयको खातामा निकासा गरीएको हों । कार्यालयबाट सम्झौता बमोजिम कार्यक्रम कार्यान्वय गर्ने वातावरण मिलाउने र कार्यान्वय चरणमा रहेका योजना तथा कार्यक्रमको कार्यप्रगतिबारे जानकारी लिने , अनुगमन एवं सहजिकरण गर्ने जिम्मेवारी बहन गरिएको र सम्झौता बमोजिम काम भइरहेको अवस्थामा तोकिएको काम सम्पन्न गर्न आर्थिक बर्षको बर्षान्तमा विद्यालयलाई निकासा गरी विद्यालयको खातामा सो रकम रोक्का राखी फ्रिज नभएको हो । उक्त विद्यालयबाट निकासा भए बमोजिमको रकम विद्यालयको भौतिक पूर्वाधार एवं शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापमा खर्च गरिएको छ ।

४१. वित्तीय विवरण

पेश भए बमोजिमको कार्य कार्यान्वयन गरिनेछ । कार्यालयबाट आय- व्यायको विवरणहरु तालुक निकायहरुमा प्रतिवेदन गर्ने एवं वेभसाइट एवं अन्य माध्यमबाट सार्वजनिक गरिएको छ ।

५२. सेवा प्रवाहको स्थिति

बाणगंगा नगरपालिकाको आफ्नो कार्यक्षेत्र एवं जिम्मेवारी भित्र रहेको सेवा प्रवाह तथा विकास क्रियाकलापलाई प्रभावकारी बनाउन कानूनी, संरचनात्मक तथा व्यवस्थाकिय पक्षमा सबलीकरण गरीनेछ ।

अनुसूची-२

(एघारौं नगरसभाको दोस्रो बैठकको निर्णय नं. १ सँग सम्बन्धित)

# बाणगङ्गा नगरपालिका

एघारौं नगर सभा

## एघारौं नगरसभाको कार्यसूची र समय तालिका

सभा संख्याः ११ दोस्रो बैठक सभा संचालन स्थानः नगर कार्यपालिकाको सभा हल

अध्यक्षताः चक्रपाणी अर्याल मितिः२०७९।०३।१०

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | राष्ट्रिय गान | | |
| २०७९।०३।१० | ०२:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख चक्रपाणी अर्याल | |
| " " | ०२:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारणा | " " | |
| " " | ०२:१० | आ.व.०७९।८० वार्षिक बजेट तथा कार्यक्रम पेश | नगर उपप्रमुख श्री रिता कुमारी चौधरी | |
| | २:३० | बाणगङ्गा नगरपालिकाको आर्थिक ऐन, २०७९<br>बाणगङ्गा नगरपालिकाको आर्थिक ऐन, २०७९ पेश गर्ने | आर्थिक विकास समिति संयोजक - छविलाल रेश्मी मगर | |
| | ०३:०० | आर्थिक वर्ष ०७९।८० को वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्न | १.<br>२.<br>३.<br>४. | |
| | ०३:३० | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०४:४५ | कार्यक्रमको समापन | | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**उपाध्यक्ष ज्यू**

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु**

**सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु**

✓ म आजको यस एघारौ नगर सभाको दोस्रो बैठक शुरुवात भएको जानकारी गराउन चाहान्छु।

लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तीको लागि विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ ..........................................................................................

अब म यस नगरपालिकाको आ.व.०७९।८० को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न नगर उपप्रमुख यस सभाका उपाध्यक्ष श्री रिता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।

...............................................

✓ अब म आज यस नगरपालिकाको आ.व.०७९।८० को आर्थिक ऐन, २०७९ र विनियोजन ऐन, २०७९ दुवै विधेयकलाई यस नगरसभामा प्रस्तुत गर्न आर्थिक विकास समितिका संयोजक श्री छवि रेश्मीज्यूलाई अनुरोध गर्दछु।

नेपालको संविधानको धारा २१७ मा व्यवस्था भए अनुसार कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायीक समिति रहने व्यवस्था गरिएको छ उक्त समितिको पूर्णता नगरसभाबाटै हुने व्यवस्था भए बमोजिम न्यायीक समितिको को लागि

१. कार्यपालिका सदस्य श्री शान्ता पाण्डे
२. नगरसभा सदस्य श्री मुमबहादुर पाण्डे लाई सदस्यको रुपमा मनोनित गर्न पेश गर्दछु।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम समितिको गठन सम्बन्धमा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै नगरसभा सदस्यको संयोजकत्वमा विधायन समिति र आवश्यकता अनुसार अन्य समितिहरुको गठन गर्ने व्यवस्था गरेको छ।

सोही व्यवस्था बमोजिम आजको यस गरिमामय नगर सभाबाट विधायन समितिको गठनको लागि ३ सदस्यीय समितिको प्रस्ताव गर्दछु ।

संयोजक - बाबुराम अर्याल
सदस्य - सावित्रा बि.क.
सदस्य - हरिशंकर पौडेल
सदस्य सचिव- प्रशासन शाखा

नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्ने नगरप्रमुखको संयोजकत्वमा देहाय बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था गरेको छ सोही बमोजिम निम्नानुसारको समिति निर्माण भई कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

**श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

| | | |
|---|---|---|
| श्री चक्रपाणि अर्याल | संयोजक | नगर प्रमुख |
| श्री रीता कुमारी चौधरी | सदस्य | नगर उप प्रमुख |
| श्री टेक बहादुर झेडी मगर | सदस्य | वडा अध्यक्ष वडा नं. ३ |
| श्री यम प्रसाद पोखेल | सदस्य | वडा अध्यक्ष वडा नं. १० |
| श्री पिताम्बर बि.क. | सदस्य | कार्यपालिका सदस्य |
| श्री शारदा परियार | सदस्य | कार्यपालिका सदस्य |
| श्री टेकराज पन्थी | सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

त्यसै गरी...

राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान लगायतका कार्यहरु गर्नको लागि नेपालको संविधान को धारा २३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम नगर उपप्रमुखको संयोजकत्वमा नगर कार्यपालिकाको राजस्व परामर्श समितिको गठन गर्ने व्यवस्था रहेको छ सोही बमोजिम नगर कार्यपालिकाको मितिः२०७९।०२।२२ गतेको बैठकबाट निम्नानुसारको राजस्व परामर्श समिति गठन भई कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

**राजस्व परामर्श समिति**

संयोजक - नगर उपप्रमुख रीता कुमारी चौधरी
सदस्य:- प्रमुख प्रशासकीय अधिकृत - टेकराज पन्थी
सदस्य - वडा अध्यक्ष - दुनिका प्रसाद भुसाल
सदस्य - कार्यपालिका सदस्य - शान्ता पाण्डे
सदस्य - उद्योग बाणिज्य संघको अध्यक्ष - डोलकराम घिमिरे
सदस्य - घरेलु महासंघको नगर प्रतिनिधि - जुना अर्याल
सदस्य सचिव - राजस्व शाखा प्रमुख - मदन प्रसाद घिमिरे

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम योजना तथा बजेट तर्जुमा नीति तथा कार्यक्रमको तयार जस्ता विषयमा कार्यपालिकालाई सुझाव दिन विभिन्न विषयगत समितिहरु गठन गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम यस बाणगङ्गा नगर कार्यपालिकाको मितिः २०७९।०२।२६ को ११८ औं बैठकबाट निम्नानुसारका समितिहरु निर्माण भई कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउन चाहान्छु।

१. **आर्थिक विकास समितिः**

| | |
|---|---|
| श्री छविलाल रेश्मी मगर - | संयोजक |
| श्री टेकबहादुर झेडी मगर – | सदस्य |
| श्री यम बहादुर प्यूठानी – | सदस्य |
| श्री नुमलाल चौधरी - | सदस्य |
| श्री कृषि विकास शाखा प्रमुख – | सदस्य सचिव |

२. **सामाजिक विकास समितिः**

| | |
|---|---|
| श्री विष्णु गिरी - | संयोजक |
| श्री नरेन्द्र प्रसाद थारु – | सदस्य |
| श्री केशरा गुरुङ्ग – | सदस्य |
| श्री विश्वास जि.सी - | सदस्य |
| श्री शिक्षा शाखा प्रमुख – | सदस्य सचिव |

३. **पूर्वाधार विकास समितिः**

| | |
|---|---|
| श्री विष्णु पौडेल- | समिति संयोजक |
| श्री राज कुमार थारु – | सदस्य |
| श्री डिल बहादुर सुनार – | सदस्य |
| श्री करुण टण्डन - | सदस्य |
| श्री योजना शाखा प्रमुख – | सदस्य सचिव |

४. **सार्वजनिक सेवा, सुशासन समिति:**

| | |
|---|---|
| श्री कमल पौडेल - | संयोजक |
| श्री दुनिका प्रसाद भुसाल – | सदस्य |
| श्री कृष्ण बहादुर सुनार – | सदस्य |
| श्री राम शंकर थारु - | सदस्य |
| श्री प्रशासन शाखा प्रमुख – | सदस्य सचिव |

५. **बन वातावरण तथा विपद् व्यवस्थापन समिति:**

| | |
|---|---|
| श्री करुण टण्डन - | समिति संयोजक |
| श्री संजु कुमार सारु मगर – | सदस्य |
| श्री शारदा परियार – | सदस्य |
| श्री भिमलाल सापकोटा - | सदस्य |
| श्री आर्थिक प्रशासन शाखा प्रमुख – | सदस्य सचिव |

६. **महिला बालवालिका समिति:**

| | |
|---|---|
| श्री रीता कुमारी चौधरी - | संयोजक |
| श्री चन्द्रावती थारु(वडा नं. ३) - | सदस्य |
| श्री टोपकला बि.सी. | सदस्य |
| श्री पार्वती सुनार | सदस्य |
| श्री महिला बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

नगरसभा सदस्यज्यूहरु,

अव म आजको यस गरिमामय नगरसभामा प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०७९।८० को वार्षिक बजेट तथा कार्यक्रमको विषयमा थप घट गर्नुपर्ने र छुट भएका योजना तथा कार्यक्रमहरु समावेस गर्नुपर्ने भए र यस नगरसभामा पेश भएको नगरपालिकाको आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ का सम्बन्धमा कुनै सदस्यहरूको केही टिप्पणी वा संसोधन वा थप घट गर्नुपर्ने भए र न्यायीक समिति र विधायन समितिको विषयमा कुनै टिप्पणी भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँछु। ईच्छुक कोही सदस्यहरु भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला।

सदस्यहरुः-

१.

२.

३.

.................

आज यस नगरसभामा पेश भएको बजेट तथा कार्यक्रममा छुटपुट भएका योजना तथा कार्यक्रमहरुलाई सम्बोधन गर्दै अर्को वैठकबाट स्वीकृत गर्नुपर्ने जानकारी गराउँदै पेश भएका विधेयकहरु मध्ये वाणगङ्गा नगरपालिकाको आर्थिक विधेयक, २०७९ संसोधन सहित स्वीकृतको लागि पेश गर्दछु र पेश भएको आर्थिक विधेयक स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले आर्थिक वर्ष २०७९।८० को बाणगङ्गा नगरपालिकाको आर्थिक ऐन, २०७९ आजको यस एघारौं नगरसभाको दोस्रो बैठकबाट स्वीकृत भएको घोषणा गर्दछु ।

आज यस एघारौं नगरसभामा प्रस्ताव गरिएका न्यायीक समितिका सदस्यहरु र विधायन समितिका संयोजक तथा सदस्यहरु सहित समितिहरु गठन गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले न्यायीक समिति र विधायन समिति यस एघारौं नगरसभाको दोस्रो बैठकबाट स्वीकृत भएको घोषणा गर्दछु ।

**अन्त्यमा**

यस नगरपालिकाको आर्थिक वर्ष ०७९।८० को वार्षिक बजेट तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने यस नगरपालिका अन्तरगतका राजनितिक दलका पदाधिकारी एवं प्रतिनिधि, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, संघीय माननीय सांसदज्यूहरु, प्रदेश माननीय सांसदहरु, पूर्व सांसदहरु र यस नगरपालिकाका समस्त नगरबासी आमावुवा दाजुभाई दिदिवहिनी सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै बाणगंगा नगरपालिकाको आजको यस एघारौं नगरसभालाई व्यवस्थित र मर्यादित ढंगबाट अगाडी बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै राष्ट्रसेवक कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**नगर सभा सदस्य ज्युहरु**

नगरसभा अधिवेसनको अर्को वैठक आगामी **असार १७ गते मायादेवी रिसोर्ट वैरियामा विहान ठिक ८ बजेदेखि** सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउँदै यस नगरपालिकाको एघारौं नगरसभाको दोस्रो बैठक यही समापन भएको घोषणा गर्दछु ।

अनुसूची-३

## "समृद्ध बाणगङ्गाको मूल आधार: आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"

## बाणगङ्गा नगरपालिकाको एघारौं नगरसभामा मिति २०७९।०३।१० मा प्रस्तुत

## आ.व.०७९।०८० को बजेट तथा कार्यक्रम

**यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय, नगरसभाका सचिव, नगर सभाका सदस्यहरु, कर्मचारीहरु तथा उपस्थित सञ्चारकर्मी एवम् सम्पूर्ण महानुभावहरु !**

१. बाणगङ्गा नगरवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न नगरवासीको आवश्यकतालाई बजेटमा आत्मसाथ गर्दै गरिमामय एघारौं नगरसभाको प्रथम वैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको अधीनमा रही आगामी आर्थिक वर्ष ०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सम्मानित सभाप्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरको आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधिहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

४. संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, नगरपालिकाको आन्तरिक आयस्रोतको सिमीतता र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी माहामारीले नकारात्मक प्रभाव पारेका सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छु ।

५. बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, बिषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमीकिकरण गरी बजेट विनियोजन गरेको छु । विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अपठयारो भए पनि सकेसम्म सबै क्षेत्र समेटने प्रयास गरेको छु ।

६. "सम्बृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार" को मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय सेवा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने विश्वास लिएको छु ।

७. नगरको संतुलित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई मध्यनजर गर्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र थपघट गरी बजेट विनियोजनलाई निरन्तरता दिएको छु ।

८. स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहेका कर तथा गैरकर राजश्वका क्षेत्रहरुलाई प्राथमिकतामा राखि नगरलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिएको छु ।

सभाध्यक्ष महोदय,

९. उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको बावजुद यस नगरपालिकामा निम्न चुनौतीहरु विद्यमान छन् ।

- महामारीबाट खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउनु ।
- विपन्न गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु ।
- नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित जगालाई व्यवस्थापन गर्नु ।
- नदी नियन्त्रण तथा तटबन्ध गर्नु ।
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण र अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु ।
- भू-उपयोग नीति र योजनाका आधारमा जमिनको उपयोग गर्नु ।
- समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु ।
- लैङ्गिक हिंसा, कुसंस्कार र रुढिवादी परम्पराको अन्त्य गर्नु ।
- नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु ।
- सिमित स्रोत र साधनबाट नगरबासीका असिमित आवश्यकतालाई पूर्ति गर्नु ।
- संविधानत: व्यवस्था गरिएका मौलिक हकको कार्यान्वयन गर्नु ।

सभाध्यक्ष महोदय,

१०. उल्लेखित चुनौतीहरुको बावजुत नगरबासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पूरा गर्न आ.व. ०७९।८० को बजेटका देहायका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- संक्रामक लगायत सबै प्रकारको रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित बनाउने ।
- खस्किएको अर्थतन्त्रलाई चलायमान बनाई बेरोजगारी युवायुवतीलाई रोजगारीको अवसर सिर्जना गर्ने ।
- संघीयताको सफल कार्यान्वयनको लागि नगरको बिकासमा जनताको प्रत्यक्ष सहभागिता र अपनत्वको महसुस गराई सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने ।
- सूचना प्रविधिको विकास सँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने ।
- भूमि बैंक मार्फत निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने ।

११. योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तुत गरेको छु ।

- विभिन्न महामारीबाट बाणगङ्गा नगरबासीलाई सुरक्षित बनाउन स्वास्थ्य क्षेत्रको सबलीकरण गरी पुनसंरचना गर्ने र सबै किसिमका बिपद र महामारीबाट नगरवासिको जीवन रक्षा गर्ने ।
- बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षी व्यवसायमा आबद्ध गरि स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि ,पशु विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थीको क्षमता विकास गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने ।
- गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्दै सुशासनलाई संस्थागत गर्ने ।

- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने योजनालाई प्राथमिकता दिई लागत सहभागितामा अभिवृद्धि गरि वातावरणीय सन्तुलन सहितको दिगो तथा उत्थानशील विकास प्रक्रियालाई संस्थागत गर्ने ।
- लैगिंक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समूदायलाई राज्यको मुलधारमा समाहित गर्ने ।
- विशेष संस्कृति र जातीय पहिचान, संरक्षण र प्रवर्धन गर्ने ।
- पूर्वाधारहरुको निर्माण एंव दिगोपना मार्फत नगरबासीहरुको गुणस्तरीय जीवनको प्रबर्द्धन गर्ने ।
- नगरको विकास र सम्मृद्धिका लागि सहकार्य र सामुहिकताको संस्कारलाई प्रबर्द्धन न्याय र नैतिकताका आधारित हिंसा रहित स्वस्थ र मर्यादित जीवनशैली युक्त समाज निर्माण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको समष्टिगत प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

१२. आ.व.२०७७/०७८ को आम्दानी र खर्चको प्रगति संक्षिप्त समीक्षा गर्दा शुरुमा कुल बजेट रु. १ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये चालु खर्चतर्फ रु.६८ करोड ५३ लाख १० हजार ९५ र पूँजीगत खर्चतर्फ रू.४९ करोड ८२ लाख ५५ हजार ३ सय ३५ खर्च अनुमान गरिएको थियो भने सोही आ.व.को हिउँदे नगरसभाबाट रु. १ अरब ३४ करोड ६५ लाख ४२ हजार ८ सय ८४ संशोधन गरिएको बजेट मध्ये चालु खर्च तर्फ रु.७९ करोड ५७ लाख ८८ हजार ५ सय ४४ बिनियोजन गरिएको मध्ये रु.७० करोड ३९ लाख १५ हजार ३ सय १० खर्च भई ८८.४५ प्रतिशत र पूँजीगत खर्चतर्फ रू.५५ करोड ७ लाख ५४ हजार ३ सय ४० बिनियोजन गरिएको मध्ये रू.४२ करोड ९६ लाख ३ सय १६ खर्च भई ७८ प्रतिशत गरी जम्मा ८४.१८ प्रतिशत खर्च भई प्रगति भएको अवगत गराउँदछु ।

सभाध्यक्ष महोदय,

अब म चालु आ.व.को समष्टिगत प्रगति प्रस्तुत गर्न चाहन्छु ।

१३. चालु आर्थिक वर्ष ०७८।७९ को आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू.४ करोड ३७ लाख ६५ हजार अनुमान गरिएकोमा २०७९ जेष्ठ मसान्तसम्म रू.५ करोड १३ लाख २५ हजार ९ सय २२ मात्र असुली भई ११७ प्रतिशत आन्तरिक आयतर्फको लक्ष्य प्राप्त गरिएको छ भने कुल बजेट रू.१ अरब २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० मध्ये जेष्ठ मसान्तसम्म कुल बजेट रू १ अरब १४ करोड १८ लाख ५ हजार प्राप्त भएको छ ।

१४. चालु आर्थिक वर्ष ०७८।७९ को खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१ अरब २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० मध्ये चालुतर्फ रु. ८७ करोड २१ लाख १३ हजार विनियोजन गरिएकोमा २०७९ जेष्ठ मसान्तसम्म रु.३९ करोड ३२ लाख २४ हजार ३ सय ६४ खर्च भई ५९.५८ प्रतिशत र पूँजिगत खर्चतर्फ रू.४१ करोड ११ लाख ३५ हजार ४ सय ८० विनियोजन गरिएकोमा रु. १९ करोड ७७ लाख ७ हजार ८ सय ५५ खर्च भई ४०.९२ प्रतिशत गरी जम्मा ५१.६९ प्रतिशत खर्च प्रगति भएको छ । आगामी आषाढ मसान्तसम्म करिब ९० प्रतिशत भन्दा बढी खर्च हुन सक्ने अनुमान गरिएको छ ।

१५. पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा ४४१३ मिटर सडक कालोपत्रे, ४९०० मिटर नाली तथा नहर निर्माण, १५८९ मिटर कुलो तथा ढल निर्माण सम्पन्न भएका छन् । २५,२८८ मिटर सडक ग्राभेल, ११ वटा स्थानमा कल्भर्ट र ३७ वटा स्थानमा ह्युमपाइप कल्भर्ट निर्माण सम्पन्न भई सकेका छन् । ६८४२ मिटर विद्युत लाइन विस्तार, ३० वटा विभिन्न सामुदायिक भवन निर्माण तथा मर्मत, २० वटा मन्दिर निर्माण तथा मर्मत र ५ वटा डिउहार निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन । क्रमागत योजना अन्तर्गत वडा नं. ३ को प्रशासनिक भवन, कृषि उपज संकलन केन्द्र र औद्योगिक ग्रामको कार्य भई रहेको छ ।

१६. कृषि उत्पादनलाई वृद्धि गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा प्रोत्साहन गरिएको छ।

१७. कृषक एवं पशुपालकहरुको माग लाई आवश्यकता बमोजिम पहिचान गरी सिमित साधन र स्रोतको बाबजुद विभिन्न अनुदान दिने कार्यक्रमहरु सम्पन्न भएका छन्।

१८. सहकारीहरुको व्यवस्थापन तथा एकिकरणको शुरुवात भएको छ।

१९. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत प्रत्येक वडामा सहज पहुँच हुनेगरी वितरण गर्ने व्यवस्था मिलाईएको छ।

२०. कोभिड विरुद्धको खोप लक्षित वर्गका सबै नगरबासीलाई लगाई पूर्ण खोप नगरपालिका घोषणा गरि सकिएको छ र बुस्टर खोपलाई निरन्तरता दिइने व्यवस्था मिलाईएको छ।

२१. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लक्षित वर्गको समान पहुँच स्थापित गरिएको छ।

२२. समावेशी सहभागीता सहित सीमान्तकृत समुदायको सामाजिक रुपान्तरणका लागि विनियोजित लक्षित तर्फका आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु सञ्चालन भएका छन्।

२३. नगर भित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयहरु समायोजन गर्ने र शिक्षकहरुको दरबन्दी मिलान गर्ने कार्य सम्पन्न भएको छ।

२४. सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन एक विद्यालय एक ल्यापटप वितरण गर्ने कार्य सम्पन्न भएको छ।

२५. प्राथमिकतहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नको लागि कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रमको खाका तयार गरिएको छ।

२६. बालमैत्री स्थानीय शासनले अबलम्वन गरेका सुचकहरु पुरा गरी नगरलाई बालमैत्री नगर घोषणा गरिएको र यसको दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

२७. योजना संचालन गर्दा प्रकोप उत्थानशील, वातावरणमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री, तथा अपाङ्ग मैत्री स्थानीय शासनका आधारभुत सुचकहरुलाई आधार मानी कार्यान्वियन गर्ने व्यवस्था मिलाईएको छ। योजना सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइएको छ।

२८. नगर भित्र निर्माण हुने कालोपत्रे सडकको गुणस्तरियताको लागि यसै आ.व. देखि अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्बन गर्ने व्यवस्था मिलाइएको छ।

२९. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन ई-सेवाको क्युआर कोड (QR-code) मार्फत नगर र वडा कार्यालयहरुको कर संकलन गर्ने र सफ्टवेयर मार्फत सिफारिस पत्र बनाई सेवा प्रवाह चुस्तदुरुस्त बनाउने व्यवस्था मिलाइएको छ।

३०. स्थानीय स्तरमा सिर्जना हुन सक्ने सामान्य विवादहरुको निरुपणको लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन र मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धिको व्यवस्था मिलाईएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको समष्टिगत प्रस्तावित आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु।

३१. यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा संघ र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरणमा रु. २२ करोड ६४ लाख ४२ हजार, सशर्त अनुदानमा रु.४६ करोड ९८ लाख, राजस्व बाँडफाँडमा रु. २० करोड ५० लाख ४७ हजार, समपुरक अनुदानमा रु. २ करोड ४० लाख, विशेष अनुदानमा रु.२ करोड ९० लाख, आन्तरिक आयमा रु. ९ करोड ७५ लाख, लागत सहभागिता र मौज्दात रकम रु. ४ करोड गरी जम्मा रु.१ अर्ब ४९ करोड

१७ लाख ८९ हजार हुने अनुमान गरेको छ। सामाजिक सुरक्षा कार्यक्रमका लागि रु ३५ करोड, नगरपालिका र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा नियमित कार्यक्रम लगायत अन्य प्रशासनिक कार्यका लागि रु १६ करोड १२ लाख रकम खर्च हुने अनुमान गरेको छ। क्षेत्रगत बजेट विनियोजन अनुसार आर्थिक विकास तर्फका कार्यक्रमका लागि रु. ७ करोड ७९ लाख, सामाजिक विकास तर्फ रु. ७८ करोड ९२ लाख ६५ हजार, भौतिक पूर्वाधार तर्फ रु. ४४ करोड १४ लाख २४ हजार, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. ९२ लाख, सुशासन तथा संस्थागत विकास तर्फ रू. १७ करोड ४० लाख बजेट विनियोजन गरेकोछु।

सभाध्यक्ष महोदय,

३२. प्रत्येक वडाको संतुलित विकासको लागि विनियोजन गरिएको रु.१३ करोड बजेट मध्येबाट सबै वडाले प्राप्त गर्नेगरी न्युनतम रु. ५० लाख र बाँकी वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था, राजश्व असुलीको आधारमा अंकभार कायम गरी सुत्रको आधारमा रकम बाँडफाँड गर्ने व्यवस्था मिलाएको छ।

३३. कृषि क्षेत्रको विकासका लागी ८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम तर्फ रु.२४ लाख, ५० र ७५ प्रतिशत अनुदान दिने गरी मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागी रु.४९ लाख बजेटको व्यवस्था मिलाएको छ।

३४. तरकारी खेती प्रबर्द्धन गर्नका लागि सिडकिट खरीद गरी निशुल्क बितरण गर्नका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु।

३५. माटो जाँच शिबिर, आई. पि. एम. कृषक पाठशाला, आकस्मिक बाली संरक्षण, कृषि मेला प्रदर्शनी, बाली उपचार शिबिर, परम्परागत तथा रैथाने बाली प्रबर्द्धनका लागि रु.१३ लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

३६. धान उत्पादन प्रबर्द्धन, खाद्यान्न बालीको उन्नत वीउ, धान वालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्रका साथै उन्नत वीउ बितरणका लागि प्रोत्साहन जस्ता कृषि कार्यक्रम संचालनका लागि रू.४६ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३७. धानबाली, गहुँबाली र तरकारी बाली पकेट विकास कार्यक्रमका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु।

३८. साना व्यवसायीक कृषि उत्पादन केन्द्र कृषि तथा पशु कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३९. किसान सुचीकरण, कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक, बाली कटानी तथा तथ्यांक अद्यावधिक जस्ता कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४०. पशु आहार सेवाका लागि हिउदे, वर्षे र बहु वर्षे घाँस, बर्षिम तथा विभिन्न प्रजातिका घाँस बिउ खरिद गरी वितरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४१. पशु उपचार कार्यक्रम अन्तर्गत औषधि खरिद एवम् पशु बीमा कार्यक्रम सञ्चालन गर्न आबश्यक बजेटको व्यवस्था मिलाएको छु।

४२. गाई, भैसी, कुखुरा, बाख्रा, बंगुर र माछा जस्ता पशुपालन व्यवसायहरु प्रोत्साहनका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. पशु स्वास्थ्य नियमन, पशु आहार सेवा, पशु स्वास्थ्य तथा उपचार, पशु रोग तथा प्रयोगशाला, कृतिम गर्भाधान, पशु खोप सेवा लगायत मासु मिसन जस्ता पशु विकास कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरी पशु सेवा कार्यक्रम प्रबर्द्धनका लागि प्रोत्साहान गरेको छु।

४४. युवाहरुलाइ रोजागारीमा आकर्षित गर्न कामका लागि पारिश्रमिक कार्यक्रमका लागि रु.५३ लाख ८६ हजार रकम विनियोर्जन गरेको छु।

४५. बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित, भरपर्दो बनाउन समुदाय अभिमुखिकरण कार्यक्रम, रिटर्नी स्वयंसेवक परिचालन, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

४६. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि रु.७० लाख बजेट विनियोजन गरेको छु।

४७. नगरमा क्रियाशिल सहकारीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी सचेतना कार्यक्रम, सहकारी शिक्षा, नेतृत्व विकास र आवश्यक तालीमका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

४८. लघु उद्यम सम्बन्धी कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरु सिर्जना गर्ने, दक्ष उद्यमीहरुलाई प्रवीधी हस्तान्तरण गरी उद्यमशिलताको विकास गर्न आवश्यक व्यवस्था मिलाएको छु।

४९. आन्तरिक पर्यटन तथा साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्र भित्र आधारभुत पूर्वाधार निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/ ८० को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत सामाजिक विकास तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

५०. स्थानीय भाषा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रम एवम् शैक्षिक रणनितिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५१. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारी व्यावस्थापनका लागि रु.२ करोड ५५ लाख ६४ हजार बजेट अनुदान दिने व्यवस्था मिलाएको छु।

५२. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड १२ लाख अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। कक्षा ५ र ८ को परीक्षा व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

५३. सर्शत अनुदान तर्फ शैक्षिक क्षेत्रमा विनियोजित बजेट तोकिएको शिर्षकमा खर्च गर्ने व्यवस्था मिलाएको छु। नमुना विद्यालय शैक्षिक पूर्वाधार निर्माणका लागी रु.१ करोड १ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु।

५४. सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक, सेनेटरी प्याड एवं दिवा खाजा र छात्रवृतिका लागि ३ करोड ६१ लाख २७ हजार बजेट विनियोजन गरेको छु।

५५. आमा सुरक्षा, गर्भ संस्कार, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि रु.३० लाख ४३ हजार बजेट विनियोजन गरेको छु।

५६. मातृ तथा नव शिशु कार्यक्रम, पोषण कार्यक्रम र किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि रु.२६ लाख ७४ हजार विनियोजन गरेको छु।

५७. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी खरिदका लागि रु. १७ लाख ५५ हजार बजेट विनियोजन गरेको छु।

५८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राखि काममा उत्प्रेरित गर्न प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु। साथै संघबाट ५० प्रतिशत र नगरपालिकाबाट ५० प्रतिशत रकम ब्यहोर्ने गरी स्वयंसेविकाहरुको स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाएको छु।

५९. नगरपालिकालाई क्षयरोग मुक्त घोषणा अभियानका लागि रु. २७ लाख बजेट विनियोजन गरेको छु।

६०. सिकलसेल एनिमिया, हात्तिपाइले, औलो तथा कालाज्वर, इन्फ्लुएन्जा, वर्डफ्लु, क्षयरोग जस्ता रोगको निदानको लागि औषधि सहित आवश्यक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६१. स्थानीय अस्पताल र बर्थिङ् सेन्टरमा प्रसुती हुने महिलाहरुलाई निःशुल्क एम्बुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

६२. विभिन्न समुदायका पर्व, दिवस तथा महोत्सव सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६३. विद्यार्थीहरुका लागि जुकाको औषधि तथा किशोरीहरुलाई आईरन (फोलिक एसिड) वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६४. नगरस्तरिय मेयरकप, राष्ट्रपति रनिङ शिल्ड कप तथा अन्य खेलकुद कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६५. स्वरोजगार सिर्जना हुने खालका विभिन्न सिपमूलक लक्षित कार्यक्रम, हिंसा पिडीत महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती तथा अपाङ्गहरुको शसक्तिकरण तथा मूल प्रवाहीकरणका लागि बिभिन्न लक्षित कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

६६. टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

६७. पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ, पोषण विशेष कार्यक्रम र पोषण सुधारका लागि विपन्न समुदायका महिला एवम् सहकारीहरुका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को भौतिक पूर्वाधार विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

६८. जनज्योति मा.वि. मोतिपुरको भवन निर्माणको लागि रु.१ करोड र महेन्द्र मा.वि., कोपवाको लागि रु. १ करोड २० लाख संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

६९. बनगाई मोतिपुर कपिलधाम वडा नं. ७ र ९ जोड्ने सडक कालोपत्रेका लागि संघीय सरकार समपुरक अनुदानबाट रु.४० लाख र नगरबाट रु.४० लाख गरी जम्मा रु.८० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७०. प्रदेश सम्पूरक अनुदान अर्न्तगत कर्महना देखि मैनहरा हुँदै दुर्गानगर जोडने सडक कालोपत्रे, बठनपुरा झुँगा जोडने सडक कालोपत्रे र मिलनचोक बिरपुर गोगापुर भेलरैया हुँदै भावपुर जोडने सडक कालोपत्रेका लागि रु.१ करोड २० लाख र नगरको रु.१ करोड २० लाख गरी जम्मा रु.२ करोड ४० लाख बजेट विनियोजन गरेको छु।

७१. प्रदेश सम्पूरक अन्तरगत कृषि विकास शाखा भवन निर्माणका लागि रु.५० लाख र नगरबाट रु. ५० लाख गरी जम्मा रु.१ करोड र ओशो ध्यानकेन्द्र धर्मशालाका लागि रु. ३० लाख र नगरको व्यवस्थापनबाट रु. ३० लाख गरी जम्मा रु.६० लाख बजेट विनियोजन गरेको छु।

७२. बाणगंगा ४ गंगा नेपालीको घरदेखि दक्षिणतर्फ सडक स्तरोन्नतीका लागि रु. १० लाख, साना किसान कृषि सहकारी, हथौसाको गोदाम घर निर्माणका लागि रु. १० लाख, अधुरो सामुदायिक भवन ओदारीका लागि रु. ७ लाख बजेट प्रदेश मार्फत विनियोजनको व्यवस्था मिलाएको छु।

७३. विद्यालय मर्मत सम्भार र विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत कक्षाकोठा निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७४. **हाम्रो वडा हाम्रो गौरव** सन्तुलित विकासका लागि नगरस्तरीय योजना अन्तरगत भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गर्ने गरी प्रत्येक वडामा समानुपातिक हिसाबले आवश्यक बजेट विनियोजन गरेको छु।

७५. नगरपालिका भित्र रहेका विभिन्न सडकहरु तत्काल मर्मत गर्नुपर्ने अवस्थाका लागि मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७६. लागत सहभागितामा (७०/३०) आधारित भौतिक पूर्वाधार निर्माणका लागि रु.२ करोड बजेट विनियोजन गरेको छु।

७७. बाणगंगा ३ अन्तर्गत चम्किपुर डाँडा देखि कृषि सडक दक्षिणको सडक पि.सि.सी.को लागि रु. १० लाख, धनराज झेडीको घर देखि पश्चिम उत्तर दुर्गामन्दिर सडक स्तरोन्नतीको लागि रु.९ लाख र धनकौली गाउँ प्रतिक्षालय देखि उत्तर सडक स्तरोन्नतीको लागि रु. १० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

७८. कोपवा गाउँ भित्र दक्षिणटोल सडक स्तरोन्नतीका लागि रु. १० लाख, चप्परगाँउ साना किसान देखि उत्तर सडक स्तरोन्नतीका लागि रु.७ लाख, गोगापुर स्कुल देखि गाउँसम्म सडक स्तरोन्नतीका लागि रु.८ लाख, दुर्गा मन्दिर

देखि ढोडेकोल जाने बाटो स्तरोन्नतीको लागि रु.१० लाख, मोतिपुर भुईपुरा दिपक पौडेलको घरदेखि दक्षिणको सडक स्तरोन्नतीका लागि रु. ८ लाख र बाणगंगा २ मेहनेती टोलको गोले थारुको घर किनारको सडक स्तरोन्नतीका लागि रु. ७ लाख बजेट प्रदेश मार्फत व्यवस्था मिलाएको छ।

७९. पिपरा अस्पतालको भौतिक संरचना निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड र पिपरा अस्पताललाई ५० बेडको अस्पताल तथा ट्रमा सेन्टरको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाएको छ।

८०. नगरका स–साना खानेपानी योजना मर्मत, विद्युत पोल तथा तार खरिदका लागि आवश्यक बजेट बिनियोजन गरेको छ।

८१. नगरभित्रका सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

८२. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत राम दत्तिवन धाम, कपिलधाम, घिरि खोला जोड्नका लागि प्राथमिकताको आधारमा झोलुङ्गे पुल निर्माणका लागि रु ४० लाख सशर्त बजेटको व्यवस्था मिलाएको छ।

८३. बाणगङ्गा चक्रपथ निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छ।

८४. सबारी साधनको बढ्दो चांपबाट हुन सक्ने दुर्घटना, चोरी निकासी जस्ता अपराधजन्य क्रियाकलापहरुबाट आम नगरवासीलाई सुरक्षाको प्रत्याभूती दिलाउन CCTV संजाललाई थप बिस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ। सवारी साधनलाई व्यवस्थित गर्न बसपार्कको व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

८५. सार्वजनिक जगाको बढ्दो अतिक्रमणलाई रोक्न सार्वजनिक जगा संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

८६. ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्रको भवन निर्माणको लागि रु.१ करोड संघीय सरकार मार्फत बजेटको व्यवस्था मिलाएको छ।

८७. मोर्मी खानेपानी आयोजना, बाणगंगा-८ को लागि रु. ४५ लाख र बनगाई खानेपानी आयोजना, बाणगंगा-७ को लागि रु. ५० लाखको बजेट प्रदेश सरकार मार्फत व्यवस्था मिलाएको छ।

८८. कोपवा हाटबजार देखि एसियन माछा फर्म हुँदै मटेरिया सिमलखोर जोड्ने सडक स्तरोन्नतीको लागि रु.४९ लाख, झुंगा चोक देखि तल्लो झुंगा हुँदै कालाबन्जार जोड्ने सडक कालोपत्रेका लागि रु. ३५ लाख बजेट संघीय सरकार मार्फत व्यवस्था मिलाएको छ।

८९. सडक बोर्ड अन्तर्गत विभिन्न सडक मर्मत सम्भारका लागि संघ बाट प्राप्त हुने रकमलाई सोही क्षेत्रमा मात्र खर्च हुने व्यवस्था मिलाएको छ।

९०. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा अनुदानतर्फ प्राप्त रु.८ लाख बजेटलाई उर्जा उत्पादन तथा बायो ग्यास जडानमा खर्च गर्ने व्यवस्था मिलाएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

९१. फोहोर प्रशोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार भई सकेकोले ल्याण्डफिल्ड साईटको डिपिआर तयार गरी फोहोरलाई मोहोरमा बदल्न सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीमा ल्यान्डफिल्ड साइट तथा फोहर प्रसोधन केन्द्रको प्रारम्भिक पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

९२. सडकहरुको दिगोपना र वातावरणीय सन्तुलन एवम् शहरी स्वच्छताका लागी भौतिक संरचना निर्माण गर्दा सडक किनारको दुवैतिर वृक्षारोपण गर्न व्यावस्था मिलाएको छ।

९३. प्राकृतिक तथा मानव सृजित विपद्को पूर्व तयारी, प्रतिकार्य योजना, उद्धार सामग्री व्यवस्थापन, राहत वितरण जस्ता कार्यका लागि नगर प्रकोप व्यवस्थापन कोषमा रु.५० लाख बजेटको व्यवस्था मिलाएको छु।

९४. "म सफा गर्छु मेरो नगर" सरसफाइ अभियान निरन्तरताका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

९५. बाणगंगा-६ भगलापुरमा पार्क निर्माणका लागि रु. ९ लाख बजेट प्रदेश मार्फत व्यवस्था मिलाएको छु।

९६. समृद्धिका लागि वन अन्तरगत दिगो वन, व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट, संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्टका लागि रु.३७ लाख संघीय सरकार मार्फत बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७९/८० को सुशासन तथा संस्थागत विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु।

९७. नगर भित्र निर्माण हुने संरचनाहरुको मापदण्ड नियमन एवं प्राकृतिक स्रोत दोहन न्यूनीकरणका लागि नगर प्रहरीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९८. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको यकिन तथ्याङ्क निर्धारण गरी सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाई सहज, पारदर्शी र मर्यादित बनाउन कर्मचारी तथा कार्यालय व्यवस्थापन समेतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

९९. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरणको वस्तुगत तथ्याङ्क अभिलेखीकरणका लागी विद्युतिय सुचना प्रविधिमा आधारित नगर प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न भैसकेकोले प्रोफाईलकै आधारमा घरधुरी नम्बरिंग तथा अभिलेखीकरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१००. नगरको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुऱ्याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०१. आम नगरवासीलाई अध्ययन, अनुसन्धान तथा सूचनाको आधुनिक प्रविधिसँग जोड्न नगरपालिका भित्र ज्ञान केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाएको छु।

१०२. नगरपालिका र अन्तर्गत कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा प्रशासनिक कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०३. राष्ट्रसेवक कर्मचारीहरुको कार्यक्षमता वृद्धि र उच्च मनोवल कायम गरी कार्यस्थलमा खट्ने वातावरण तयार गर्न कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१०४. देश भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक पक्षहरुको मौलिक अध्ययन र त्यसको सकारात्मक प्रभावलाई नगरको समग्र विकासमा सामेल गराउन विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को राजश्व सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०५. प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपणलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउदै लैजाने व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०६. समयमा नियमित कर बुझाउने करदाताहरुलाई करमा छुट, सहुलियत र सबैभन्दा बढि कर बुझाउने करदाता पहिचान गरी सम्मान गर्ने व्यवस्था मिलाएको छु।

१०७. एकल महिला, अशक्त, जेष्ठ नागरीकहरुले नगरपालिकाबाट लिने सिफारिसहरु निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१०८. आन्तरीक आय अभिबृद्धिका लागि स्रोतहरुको सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार पारि कर सचेतना, घुम्ति शिबिर, कर सम्वन्धि प्रशिक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

१०९. राजस्व संकलनलाई करदाता मैत्री बनाउन सम्पूर्ण वडाहरुमा सूचना प्रविधिमा आधारित कर संकलन प्रणालीलाई व्यवस्थापन गरि करदाताहरुले बुझाउनु पर्ने सबै प्रकारका करहरु सबै वडाहरुमा बुझाउन सकिने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

११०. उत्कृष्ट कार्य गर्ने कर्मचारी, सञ्चारकर्मीहरुलाई समेत पुरष्कृत गर्ने बजेटको व्यवस्था मिलाएको छु ।

१११. नगरलाई सुशासन मैत्री, सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाई भ्रष्ट्राचार मुक्त नगरपालिका बनाउनको लागि सार्वजनिक सुनुवाई र जनतासंग जनप्रतिनिधी कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेको छु ।

अन्त्यमा,

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उल्लेखनीय सहयोग तथा सुझाव दिनुहुने संघीय माननीय सांसदज्यूहरु र प्रदेश माननीय सांसदज्यूहरु, पूर्व माननीय सांसदज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशिल राजनितिक दलका प्रमुख एवम् प्रतिनिधीज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु लगायत सम्पुर्ण सरोकारवाला निकायका प्रमुखज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजश्व परामर्श समिति, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, पूर्व जनप्रतिनिधीज्यूहरु, उद्योग वाणिज्य संघ, टोल विकास संस्था, सुरक्षाकर्मी, स्थानीय बुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, संघसंस्था, सहकारी, निजीक्षेत्र एवं संचारकर्मीहरुलाई विशेष धन्यवाद दिंदै आभार व्यक्त गर्दछु । बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिई नगरको आर्थिक र सामाजिक रुपान्तरण तथा समृद्धिमा निरन्तर सहयोग पुऱ्याउनुहुने सबै करदाता र नगरबासी आदरणीय आमाबुवा, दाजुभाइ र दिदीबहिनीहरु प्रति आभार प्रकट गर्दछु । यस गरिमामय नगरसभामा उपस्थित हुनुहुने नगरसभाका सदस्यहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ! नमस्कार !!

रीता कुमारी चौधरी
नगर उप–प्रमुख

अनुसूची- ४

एघारौं नगरसभाको दोस्रो बैठकमा आफ्नो राय, सुझाव सहितको भनाई राख्ने नगरसभा सदस्यहरुको अभिलेख

१. चुरामणी अर्याल

- संघीय तथा प्रदेश सरकारबाट नगरपालिकाका विभिन्न वडाहरुलाई असमानरुपमा बजेट तथा कार्यक्रम प्राप्त भएकोले प्रदेश तथा संघीय सरकारलाई यस विषयमा ध्यानाकर्षण गर्नुपर्ने ।
- वडा समितिबाट प्राप्त हुने सम्पादन हुने योजना तथा कार्यक्रमहरुको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गराएर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनुपर्ने ।
- वडा नं. ९ वडा कार्यालयको प्रशासनिक भवन जिर्ण भएकोले निर्माणको व्यवस्था मिलाउनुपर्ने ।

**२. टोपकला बि.सी.**

- नदी कटानको समस्या समधान गर्ने तर्फ कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने ।
- बुद्ध रङ्गशालाको निर्माणको लागि पहल गर्नुपर्ने ।

**३. ईमकला के.सी.**

- शिक्षा, स्वास्थ्य र कृषि लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने ।

**४. रामशंकर चौधरी**

- विविध

अनुसूची-५

बाणगंगा नगरपालिका

न्यायिक समितिको सचिवालय

बाणगंगा नगरपालिकाको ११औँ नगरसभामा पेश गरिएको

आ.व. २०७८/०७९ को न्यायिक समितिको बार्षिक विवरण

यस आ.व. २०७८/७९ भन्दा अघिल्लो आ.व. २०७७/०७८ मा फछ्यौंट हुन बाँकी १५ उजुरीहरु यस आ.व. मा जिम्मेवारी सारिएको थियो। ज़समा सबै उजुरीहरु फछ्यौंट भए। ३ वटा उजुरी मिलापत्र र १२ वटा समितिको सर्वसम्मत् निर्णयबाट फछ्यौंट भए । २०७९ असार १० नगर सभाको मितिसम्म यस आ.व. मा जम्मा १७ वटा उजुरीहरु दर्ता भएकोमा ६ वटा उजुरीहरु मिलापत्रबाट, २ वटा उजुरीहरु समितिको निर्णयबाट फछ्यौंट भएको र ९ वटा उजुरीहरु मिलापत्र तथा निर्णयको प्रकृयामा रहेका छन्। नगरमा दर्ता उजुरीहरु अधिकांस जग्गाको बिषयमा जग्गा घुसाई भोगचलन गरेको, जग्गाको साँध सिमाना मिचेको, भोगचलन गरेको जग्गाबाट हटाउन खोजेको, जग्गा खिचलो, एकको नाममा रहेको जग्गा अर्कैले भोगचलन गरेको, अंश सम्बन्धी, पति पत्नी बिचको सम्बन्ध, घरेलु हिंसा आदि विषयमा उजुरीहरु दर्ता हुने गरेका छन्।

यस आ.व. मा ३० जना नगरमा सुचिकृत भएका मेलमिलापकर्ताको लागि प्रथम चरणको पुनर्ताजगी तालिम सम्पन्न गरियो। निरुपणबाट विवाद समाधान गर्न भनि तोकिएका विवादहरु समेत स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ (२) अनुसार पेस भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित हुने गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ भनि उल्लेख भएकोले पहिलो प्राथमिकता मेलमिलापलाई नै दिनु पर्ने हुँदा मेलमिलापकर्तालाई बढी भन्दा बढी तालिम, प्रशिक्षण, अनुशिक्षण गराई न्यायिक विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्नु पर्ने देखिन्छ। मेलमिलाप केन्द्रलाई भौतिक रुपमा स्रोतसाधनयुक्त बनाई, सुचिकृत मेलमिलापकर्तालाई अद्यावधिक गरी सुचिकृत गराई राख्नु पर्ने देखिन्छ ।

**यस आ.व. मा जिम्मेवारी सारी फछ्यौंट भएका उजुरीहरु**

| क्र.स. | दर्ता मिति | विवाद दर्ता न. | उजुरीकर्ता र वडा | बिषय | फछ्यौंट | निर्णयको किसिम |
|---|---|---|---|---|---|---|
| १ | २०७७-०४-१५ | ०१/०७७/०७८ | रफिक सिद्दिकी -४ | अंश दिलाई पाउँ | भएको | सर्वसम्मत निर्णय |
| २ | २०७७-०५-१९ | ०२/२०७७/७८ | देबेश्वर न्यौपाने -१ | बाटो निकास बारे | भएको | सर्वसम्मत निर्णय |
| ३ | २०७७-०६-१८ | ०४/२०७७/७८ | नन्दनी थारु -३ | घरेलु हिंसा | भएको | सर्वसम्मत निर्णय |
| ४ | २०७७-०७-०३ | ०६/२०७७/७८ | बासुदेव चुँदाली-११ | जबरजस्ती बाटो खुलाएको | भएको | सर्वसम्मत निर्णय |
| ५ | २०७७-०७-०३ | ०७/२०७७/७८ | कृष्ण प्रसाद चुँदाली-११ | घर बासकोनिकास | भएको | सर्वसम्मत निर्णय |
| ६ | २०७७-०७-२४ | ०८/२०७७/७८ | भिम बहादुर क्षेत्री -०४ | जग्गा नामसारी रोक्का बारे | भएको | सर्वसम्मत निर्णय |
| ७ | २०७७-०९-०१ | १०/२०७७/७८ | शिव कुमार हरिजन -१० | जग्गाको हकभोग | भएको | सर्वसम्मत निर्णय |
| ८ | २०७७-०९-०८ | १२/२०७७/७८ | डोलराज न्यौपाने -११ | ज्याला मजुरी | भएको | सर्वसम्मत निर्णय |
| ९ | २०७७-१०-१९ | १३/२०७७/७८ | लक्ष्मी ज्ञवाली -१ | माना चामल भराई | भएको | सर्वसम्मत निर्णय |
| १० | २०७७-१२-३० | १५/२०७७/७८ | जगतराम थारु -२ | कुलो बाटो बारे | भएको | मिलापत्र |
| ११ | २०७८-०१-०२ | १६/२०७७/७८ | कालिका अर्याल-४ | खर्च भर्पाई | भएको | मिलापत्र |
| १२ | २०७८-०२-१४ | १८/७८/२०७७/ | बिमला खनाल -४ | साँध सिमाना | भएको | सर्वसम्मत निर्णय |
| १३ | २०७८-०३-१५ | १९/२०७७/७८ | फत्तेलाल जैसी -४ | घरको ताला खोल्ने | भएको | मिलापत्र |
| १४ | २०७६-०६-०२ | ०५/२०७६/७७ | क्षेत्र बहादुर चौधरी -३ | खोजतलास गरि पाउँ | भएको | सर्वसम्मत निर्णय |
| १५ | २०७७-०३-३१ | १७/२०७६/७७ | अशोक गिरी दाङ | जग्गाको भोगचलन बारे | भएको | सर्वसम्मत निर्णय |

मिलापत्रबाट-३ सर्वसम्वत् निर्णयबाट-१२—जम्मा १५

आ.व. २०७८/०७९ मा दर्ता/फछ्यौंटको विवरण

| क्र.स. | दर्ता मिति | विवाद दर्ता न. | उजुरीकर्ता | बिषय | फछ्यौंट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७८-०५-११ | १/२०७८/७९ | निशा शर्मा पौडेल बानपा -३ | जिबिकोपार्जन र पढाई खर्च | भएको | मिलापत्र |
| २ | २०७८-०५-१६ | २/२०७८/७९ | राजन थापा बानपा -१० | पति पत्नीको सम्बन्ध | भएको | मिलापत्र |
| ३ | २०७८-०६-२५ | ३/२०७८/७९ | मुनाराम चालिसे बानपा -४ | लेनदेन सम्बन्धी | नभएको | प्रकृयामा रहेको |
| ४ | २०७८-०६-२५ | ४/२०७८/७९ | बोम बहादुर घर्ती बानपा -५ | अंश सम्बन्धी | भएको | सर्वसम्मत् निर्णयबाट |
| ५ | २०७८-०७-१० | ५/२०७८/७९ | बिष्णू प्रसाद पौडेल बानपा -४ | अवैध घर निर्माण | नभएको | प्रकृयामा रहेको |
| ६ | २०७८-०८-१५ | ६/२०७८/७९ | हरिमाया राना थापा बानपा -३ | घरेलु हिंसा सम्बन्धी | भएको | मिलापत्र |
| ७ | २०७८-०९-०१ | ७/२०७८/७९ | श्यामु घर्ती मगर बानपा- ३ | जग्गा सम्बन्धी | भएको | मिलापत्र |
| ८ | २०७८-०९-०२ | ८/२०७८/७९ | यम प्रसाद अधिकारी बानपा -३ | सार्वजनिक कुलोमा | नभएको | प्रकृयामा |
| ९ | २०७८-०९-१२ | ९/२०७८/७९ | राजु थारु बानपा -८ | जग्गाभोगचलन | नभएको | प्रकृयामा |
| १० | २०७८-०९-१९ | १०/२०७८/७९ | एकदेव खनाल बाना-४ | जग्गाको खिचलो | भएको | सर्वसम्मत् |
| ११ | ०७८/११/०५ | ११/२०७८/७९ | विक्रम भट्टराई बानपा -६ | साँध सिमाना | भएको | मिलापत्र |
| १२ | ०७८/११/२० | १२/२०७८/७९ | गुणनिधि/रुक्मागत पन्थी बानपा -८ | जग्गा बाटो बिबाद | नभएको | प्रकृयामा रहेको |
| १३ | ०७८/११/२७ | १३/२०७८/७९ | ज्ञानहरि न्यौपाने बानपा -४ | लेनदेन सम्बन्धी | भएको | मिलापत्र |
| १४ | ०७८/१२/०६ | १४/२०७८/७९ | सितादेवी न्यौपाने बानपा | न्याय पाउँ | नभएको | प्रकृयामा |
| १५ | ०७८/१२/०८ | १५/२०७८/७९ | कमला आचार्य बानपा -९ | बंगुर फम हटाई पाउँ | नभएको | प्रकृयामा |
| १६ | ०७८/१२/१७ | १६/२०७८/७९ | काले दमाई बानपा -१ | जग्गा सम्बन्धमा | नभएको | प्रकृयामा |
| १७ | ०७९/०१/१६ | १७/२०७८/७९ | ज्ञांन कुमारी के.सी. बानपा -८ | जग्गा सम्बन्धमा | नभएको | प्रकृयामा |

मिलापत्रबाट- ६, सर्वसम्वत् निर्णयबाट-२ र प्रकृयामा रहेका -९ जम्मा-१७

**अल्या भएका उजुरीको फछ्यौंट विवरण**

| क्र .स. | विवादको किसिम | विवाद संख्या | फछ्यौंट भएको | फछ्यौंट नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ६ | ६ | ० | |
| २ | घरेलु हिंसा | २ | २ | ० | |
| ३ | पति पत्नी बिचको सम्बन्ध | २ | २ | ० | |
| ४ | साँध सिमाना | १ | १ | ० | |
| ५ | माना चामल | १ | १ | ० | |
| ६ | बाटो निकास | १ | १ | ० | |
| ७ | ज्याला मजुरी | १ | १ | ० | |
| ८ | सार्वजनिक जग्गामा घर बनाएको | १ | १ | ० | |
| | जम्मा | १५ | १५ | १००% फछ्यौंट | |

मिलापत्रबाट-३ सर्वसम्वत् निर्णयबाट-१२—जम्मा १५

## आ.व. २०७८/७९ मा दर्ता भएका उजुरीको फछर्यौट विवरण

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछर्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ७ | ३ | ४ | |
| २ | घरेलु हिंसा | १ | १ | ० | |
| ३ | पति पत्नी बिचको सम्बन्ध | १ | १ | ० | |
| ४ | साँध सिमाना | १ | १ | ० | |
| ५ | माना चामल | १ | १ | ० | |
| ६ | लेनदेन | २ | १ | १ | |
| ७ | घर बहाल | १ | ० | १ | |
| ८ | बंगुर फम हटाउने | १ | ० | १ | |
| ९ | सार्वजनिक जग्गामा घर बनाएको | २ | ० | २ | |
| | जम्मा | १७ | ८ | ९ | |

मिलापत्रबाट- ६, सर्वसम्वत् निर्णयबाट-२ र प्रकृयामा रहेका -९ जम्मा-१७

## विवादको बिषय अनुसारको फछर्यौट भएका उजुरीको विवरण ( कुलमा)

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछर्यौट भएको | प्रकृयामा रहेका | कैफियत (अघिल्लो आवको जिम्मेवारी समेत) |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | १३ | ९ | ४ | |
| २ | घरेलु हिंसा | ३ | ३ | ० | |
| ३ | पति पत्नी बिचको सम्बन्ध | ३ | ३ | ० | |
| ४ | साँध सिमाना | २ | २ | ० | |
| ५ | माना चामल | २ | २ | ० | |
| ६ | लेनदेन | २ | १ | १ | |
| ७ | बाटो निकास | १ | १ | ० | |
| ८ | घर बहाल | १ | ० | १ | |
| ९ | बंगुर फम हटाउने | १ | ० | १ | |
| १० | ज्याला मजुरी | १. | १ | ० | |
| ११ | सार्वजनिक जग्गामा घर बनाएको | ३ | १ | २ | |
| | जम्मा | ३२ | २३ | ९ | ७१% फछर्यौट |

आज मिति २०७९।०३।१७ गते शुक्रबारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको एघारौं नगर सभाको तेस्रो बैठक बसी तपशिल बमोजिमको कार्यसूची माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

उपस्थिति:

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | |
| १४ | लक्ष्मी बहादुर खत्री | खुला सदस्य | १ | |
| १५ | राज कुमार थारु | खुला सदस्य | १ | |
| १६ | टोपकला वि सि | महिला सदस्य | १ | |
| १७ | सिता सुनार | दलित महिला सदस्य | १ | |
| १८ | प्रेम बहादुर रौतार थारु | खुला सदस्य | २ | |
| १९ | झिमलाल सापकोटा | खुला सदस्य | २ | |
| २० | शान्ता पाण्डे | महिला सदस्य | २ | |
| २१ | सोमनाथ राना | खुला सदस्य | ३ | |
| २२ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | गंगा देवि सुनार | दलित महिला सदस्य | ३ | |
| २४ | चिन्कु थारु | खुला सदस्य | ४ | |
| २५ | नन्द किशोर थारु | खुला सदस्य | ४ | |
| २६ | चन्द्रवती थारु | महिला सदस्य | ४ | |
| २७ | कुमारी पवित्रा सार्की | दलित महिला सदस्य | ४ | |
| २८ | ज्ञान बहादुर कार्की | खुला सदस्य | ५ | |
| २९ | बुद्धु थारु | खुला सदस्य | ५ | |
| ३० | नैना कुमारी थारु | महिला सदस्य | ५ | |
| ३१ | मिना दर्जी | दलित महिला सदस्य | ५ | |
| ३२ | गुरु प्रसाद थारु | खुला सदस्य | ६ | |
| ३३ | यम बहादुर प्युठानी | खुला सदस्य | ६ | |
| ३४ | पसपतिया चौधरी | महिला सदस्य | ६ | |
| ३५ | तारा दुतराज | दलित महिला सदस्य | ६ | |
| ३६ | सावित्रा थारु | महिला सदस्य | ७ | |
| ३७ | मुम बहादुर पाण्डे | खुला सदस्य | ७ | |
| ३८ | हरि शंकर पौडेल | खुला सदस्य | ७ | |
| ३९ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | |
| ४० | विश्वास जि सी | खुला सदस्य | ८ | |
| ४१ | शैलेन्द्र बेल्बासे | खुला सदस्य | ८ | |
| ४२ | जुनादेवि थारु | महिला सदस्य | ८ | |
| ४३ | शारदा परियार | दलित महिला सदस्य | ८ | |
| ४४ | चुरामणी अर्याल | खुला सदस्य | ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | |
| ४६ | नुमलाल चौधरी | खुला सदस्य | ९ | |
| ४७ | केशरा गुरुङ्ग | महिला सदस्य | ९ | |
| ४८ | रुपनारायण थारु | खुला सदस्य | १० | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | राम शंकर थारु | खुला सदस्य | १० | |
| ५० | दानु घर्ती | महिला खुला सदस्य | १० | |
| ५१ | सर्मिला चमार | दलित महिला सदस्य | १० | |
| ५२ | बाजबुल लैन | खुला सदस्य | ११ | |
| ५३ | जगनारायण थारु | खुला सदस्य | ११ | |
| ५४ | इमकला खत्री क्षेत्री | महिला खुला सदस्य | ११ | |
| ५५ | सावित्री वि.क. | दलित महिला सदस्य | ११ | |
| ५६ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | | |
| ५७ | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | | |
| ५८ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| ५९ | टेकराज पन्थी | सचिव | | |

**<u>एघारौं नगरसभाको मिति २०७९।०३।१७ गतेको तेस्रो बैठकबाट भएका निर्णयहरु:-</u>**

**<u>निर्णय नं. १</u>**

यस बाणगङ्गा नगरपालिकाको एघरौं नगरसभाको दोस्रो बैठक २०७९।०३।१० गते पेश भएको आ.व.२०७९।०८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**<u>निर्णय नं. २</u>**

बाणगङ्गा नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा आ.व.२०७८।७९ सम्म कार्यरत रही आउनुभएको अधिवक्ता श्री हुमनाथ पाण्डेलाई आगामी आर्थिक वर्ष २०७९।०८० मा समेत कानूनी सल्लाहकारको रुपमा निरन्तरता दिने ।

**<u>निर्णय नं. ३</u>**

बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ यस नगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत भई सोही अनुसार साविकमा जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्व शासन नियमावली, २०५६ बमोजिम नियुक्ती भएका र ऐन जारी हुँदाका बखत ५ वर्ष पुरा भएका कर्मचारीहरुलाई स्तरवृद्धि गरिएकोमा प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशको मिति: २०७९।०१।११ चलानी नं. ५९४ को निर्णय कार्यान्वयन सम्बन्धमा आयोगबाट गरिएको परिपत्र अनुसार यस अघि भएका स्तरवृद्धि सम्बन्धी काम कारवाहीहरु खारेज गर्ने भन्ने परिपत्र भएकोले बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ खारेज गर्ने र बाणगङ्गा नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गरउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ प्रदेश लोकसेवा आयोगको परामर्श प्राप्त भएपछि नगरसभाको आगामी वैठकमा पेश गर्ने ।

# बाणगङ्गा नगरपालिकाको एघारौं नगरसभाबाट स्वीकृत आ.व. २०७९।८० को बजेट तथा कार्यक्रम

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| कृषि विकास | | | |
| १ | १ | किसान सूचीकरण कार्यक्रम | ३०० |
| २ | २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १०० |
| ३ | ३ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | १००० |
| ४ | ४ | उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान | १५० |
| ५ | ५ | सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | १५० |
| ६ | ६ | फलफूल दशक विरुवा रोपण कार्यक्रम | ५०० |
| ७ | ७ | धानबाली प्रवर्द्धन कार्यक्रम | २५०० |
| ८ | ८ | दलहन बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ९ | ९ | डिपिआर अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता | १०००० |
| १० | १० | डिप ट्यूवलेल निर्माण (वडा नं.३) | ४००० |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | | | |
| ११ | १ | आ.व. २०७८।७९ मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६०० |
| १२ | २ | आ.व. २०७९/८० मा नयाँ गहुँबाली पकेट विकास कार्यक्रम सञ्चालन | १२०० |
| १३ | ३ | आ.व. २०७९।८० मा नयाँ तरकारीबाली पकेट विकास कार्यक्रम सञ्चालन | १२०० |
| पशु सेवा | | | |
| १४ | १ | दुग्ध प्रशोधन कार्यक्रम | ९९७० |
| १५ | २ | गौशाला पूर्वाधार सुद्रिढिकरण तथा सामुदायीक पशु व्यवस्थापन | २५०० |
| १६ | ३ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | २० |
| १७ | ४ | पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्यांक तथा पशु सेवाका कार्यक्रमको प्रगति रिपोर्टिङ | २० |
| १८ | ५ | एक पालिका एक भेटेरिनरी डाक्टर | ४८० |
| १९ | ६ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | ३०० |
| २० | ७ | पशुपन्छी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण | १० |
| युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | | | |
| २१ | १ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | २६५ |
| २२ | २ | रोजगार सहायकको तलब | ३९३ |
| २३ | ३ | रोजगार सहायकको स्थानीय भत्ता | ११ |
| २४ | ४ | रोजगार सहायकको पोशाक भत्ता | १० |
| २५ | ५ | प्राविधिक सहायकको पोसाक | १० |
| २६ | ६ | प्राविधिक सहायकको तलव | ३९३ |
| २७ | ७ | प्राविधिक सहायकको स्थानीय भत्ता | ११ |
| २८ | ८ | रोजगारी सृजना (आई.डि.ए.) | २४०७ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | | |
| २९ | १ | रोजगार संयोजकको तलव | ४९४ |
| ३० | २ | रोजगार संयोजकको स्थानीय भत्ता | १७ |
| ३१ | ३ | रोजगार संयोजकको पोसाक | १० |
| ३२ | ४ | रोजगारी सृजना (नेपाल सरकार) | २९७९ |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| रोजगार प्रवर्द्धन कार्यक्रम (सामी) | | | |
| ३३ | १ | तलब तथा सुबिधा- मनोसामाजिक परामर्शकर्ता | ४४६ |
| ३४ | २ | तलब तथा सुबिधा -वित्तिय साक्षरता सहजकर्ता क्रार्यक्रम | ४४६ |
| ३५ | ३ | सामी परियोजना कर्यान्वियनको लागि स्थानीय सरकारको पदाधिकारी सँग समन्वय वैठक | ४० |
| ३६ | ४ | स्थानीय तहको पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन गरी समावेश गर्ने | ४०० |
| ३७ | ५ | आप्रवासी स्रोत केन्द्रको कार्यालय संचालन/ कर्मचारी भ्रमण खर्च / शिरोभार खर्च | ७७ |
| ३८ | ६ | रिटर्नी स्वयंम सेवक परिचालन | ६३२ |
| ३९ | ७ | समुदाय अभिमुखीकरण कार्यक्रम | १२ |
| ४० | ८ | स्थानीय तहमा क्रियाशिल कामदार संजनालाई सामग्री सहयोग | १० |
| ४१ | ९ | सरोकारवालाहरुसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम ( प्रहरी /पत्रकार/मिडिया परिचालन/ स्थानीय जनप्रतिनिधी/ स्थानीय तहको विषयगत शाखा जस्तै स्वास्थ शाखाका स्दस्यहरु/ स्थानीयतहमा मनोसामाजिक विषयको दिगोपन/ समुदायका अगुवाहरुलाई आप्रावसनको असर तथा प्रभाव, कामदारलाई सामाजिक बहिस्करण र प्रभाव न्यूनिकरण) | ७६ |
| ४२ | १० | मनोसमाजिक परामर्श संचालन खर्च | ९३ |
| ४३ | ११ | वित्तिय साक्षरता क्रार्यक्रम संचालन खर्च | २२५ |
| ४४ | १२ | बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम | ३ |
| ४५ | १३ | सम्बन्धित सरोकारवालाहरुवाट परियोजना अनुगमन तथा मुल्यांकन | ४० |
| लघु उद्यम विकास कार्यक्रम | | | |
| ४६ | १ | सम्भाव्य उत्पादनको उत्पादकत्वं र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४० |
| ४७ | २ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | ४०० |
| ४८ | ३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | २३६० |
| शिक्षा | | | |
| ४९ | १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १६१९०० |
| ५० | २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ५७७०० |
| ५१ | ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ९२५२ |
| ५२ | ४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १६४८ |
| ५३ | ५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ३३५४ |
| ५४ | ६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ११८९ |
| ५५ | ७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ६६७७ |
| ५६ | ८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २४२० |
| ५७ | ९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४७५१ |
| ५८ | १० | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १३१५१ |
| ५९ | ११ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २३१९ |
| ६० | १२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ४५८ |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| ६१ | १३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १३२ |
| ६२ | १४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २५६१ |
| ६३ | १५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ३९६ |
| ६४ | १६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ११४ |
| ६५ | १७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १०९२ |
| ६६ | १८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७२७० |
| ६७ | १९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २६३५ |
| ६८ | २० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १२९५ |
| ६९ | २१ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ३१६५ |
| ७० | २२ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ५६४ |
| ७१ | २३ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ११४८ |
| ७२ | २४ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २११ |
| ७३ | २५ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ११८४ |
| ७४ | २६ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४२९ |
| ७५ | २७ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४७० |
| ७६ | २८ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ८४ |
| ७७ | २९ | आधारभुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७१ |
| ७८ | ३० | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ११८ |
| ७९ | ३१ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ५८ |
| ८० | ३२ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ३२४ |
| ८१ | ३३ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ३३७७ |
| ८२ | ३४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १२२५ |
| ८३ | ३५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ६०२ |
| ८४ | ३६ | संस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | ७४५ |
| ८५ | ३७ | संस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | १३३ |
| ८६ | ३८ | संस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | २७० |
| ८७ | ३९ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ३६२४ |
| ८८ | ४० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | ६४५ |
| ८९ | ४१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १३५१ |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| ११० | १७ | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | १२५ |
| १११ | १८ | आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्य सम्वन्धि अभिमुखीकरण | १२० |
| ११२ | १९ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | २१५ |
| ११३ | २० | स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम | ६५ |
| ११४ | २१ | कोभिड १९ को भ्याक्सिनको डिजिटाइजेशन तथा क्यू आर कोड प्रमाणिकरण | १२० |
| ११५ | २२ | विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सामाजिक ब्यवहार परिवर्तन कार्यक्रम | ७५ |
| ११६ | २३ | सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनिकरण सम्बन्धी संचार कार्यक्रम | २५ |
| ११७ | २४ | बिरामी नवजात शिशु निशुल्क उपचार सोधभर्ना कार्यक्रम - पिपरा अस्पताल | ४०० |
| आयुर्वेद | | | |
| ११८ | १ | औषधालयको तलब, भत्ता, संचालन खर्च तथा कार्यक्रम बजेट | ३२०० |
| सम्मृद्धिका लागि वन | | | |
| ११९ | १ | संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट | २५१२ |
| १२० | २ | दिगो वन व्यवस्थापन तथा वृक्षरोपण कम्पोनेन्ट (नीजि तथा सार्वजनिक क्षेत्रमा वृक्षरोपण) | ११०० |
| १२१ | ३ | आयोजना अनुगमन मूल्यांकन एवं सुशासन कम्पोनेन्ट | ८८ |
| राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग | | | |
| १२२ | १ | एम. आई. एस. अपरेटर र फिल्ड सहायकको लागि सञ्चार खर्च | ७ |
| १२३ | २ | मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | ९६ |
| १२४ | ३ | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | १८० |
| १२५ | ४ | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | १५० |
| १२६ | ५ | विभागले उपलब्ध गराउने विधि/पद्दति अनुसार वडा स्तरबाट घटना दर्ता सप्ताह अभियान सञ्चालन | १४० |
| १२७ | ६ | एम. आई. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | ६६० |
| १२८ | ७ | एम. आई. एस. अपरेटर र फिल्ड सहायक देनिक भ्रमण भत्ता/यातायात खर्च/ईन्धन | ६० |
| १२९ | ८ | अन्य विविध खर्च - आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैंठकको चियापान लगायतको खर्च | १०७ |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | | | |
| १३० | १ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | ४७५ |
| १३१ | २ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | ४५० |
| १३२ | ३ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५० |
| १३३ | ४ | सुधार कार्यक्रमको गर्न अनुदान | ६२५ |
| अपाङ्ग तथा जेष्ठ नागरिक | | | |
| १३४ | १ | अपाङ्ग उत्थान समाज कपिलवस्तु, वाङगंगा न.पा. कपिलवस्तु -४ अपाङ्गता क्षेत्रमा जनचेतनामुलक कार्यक्रम संचालन) | ७०० |
| १३५ | २ | कपिलवस्तु वौद्धिक अपाङ्ग अभिभावक संघ, बाणगंगा नगरपालिका, कपिलवस्तु (अपाङ्गता सम्बन्धी सचेतना/शसक्तीकरण कार्यक्रम) | ५०० |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| १३६ | ३ | राष्ट्रिय ज्येष्ठ नागरिक समाज | ५०० |
| पुजीजगत शसर्त कार्यक्रम | | | |
| १३७ | १ | सुरक्षित नागरिक आवास कार्यक्रम :-प्रदेश नं. 5 को कपिलबस्तु जिल्ला क्षेत्र नं. १ अन्तर्गत वाणगंगा न.पा.- 100 वटा (क्रमागत) | ७७०० |
| १३८ | २ | ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र जीतपुर शाखाको भवन निर्माण | १०००० |
| १३९ | ३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) | ३०० |
| १४० | ४ | Inj.Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद | ४०० |
| १४१ | ५ | बनगाई खानेपानी आयोजना,वाणगंगा न.पा.५,कपिलवस्तु | ५००० |
| १४२ | ६ | मुर्मी खा पा आ, बाणगंगा ८ कपिलवस्तु | ४५०० |
| १४३ | ७ | कपिलवस्तु जिल्ला बाणगंगा ५ कोपवा हाटबजार देखि एसयन माछा फर्म हुँदै मटेरिया २ सिमलखोर जोड्ने सडक स्तरोन्नती | ४९०० |
| १४४ | ८ | नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | ८०० |
| १४५ | ९ | दुर्गा मन्दिर संरक्षण वाणगंगा न.पा.३ कपिलवस्तु | ८०० |
| १४६ | १० | झुगा चोक देखि तल्लो झुँगाहुँदै कालाबन्जर जोडने सडक कालोपत्रे बाणगंगा नगरपालिका | ३५०० |
| १४७ | ११ | बुत्कहवा ट्रस पुल, राम दत्तिवन धाम कपिल्धाम झो.पु. धिरि खोला, बाणगंगा नगरपालिका, कपिलबस्तु | ४००० |
| विशेष अनुदान पुजीगत | | | |
| १४८ | १ | श्री जनज्योति उच्च मा वि मोतिपुरको, भौतिक संरचना निर्माण | १०००० |
| १४९ | २ | महेन्द्र मा वि विद्यालय, वडा नं. ५ | १२००० |
| समपुरक पूर्वाधार | | | |
| १५० | १ | बनगाई-मोतिपुर-कपिलधाम (वडा नं. ७-९ जोड्ने सडक) | ४००० |
| प्रदेश शसर्त | | | |
| १५१ | १ | बाणगंगा ४ गंगा नेपालीको घरदेखि दक्षिण तर्फ सडक स्तरउन्नति | १००० |
| १५२ | २ | बाणगंगा ३ धनराज भेडीको घरदेखप पश्चिम उत्तर दुर्गामन्दिर सडक स्तरउन्नति | ९०० |
| १५३ | ३ | बाणगंगा ३ चङ्किपुर  डाडा देखि कृषि सडक देखि दक्षिणरोड सम्म बाटो पि.सि.सि | १००० |
| १५४ | ४ | बाणगंगा ३ धनकौली गाँउ प्रतिक्षालय देखि उत्तर सडक स्तरउन्नति | १००० |
| १५५ | ५ | बाणगंगा ५ कोपवा गाँउभित्र दक्षिण टोल  सडक स्तरउन्नति | १००० |
| १५६ | ६ | साना किसान कृषि सहकारी हथौसा लि . को गोदाम भवन निर्माण बाणगंगा ११ | १००० |
| १५७ | ७ | बाणगंगा ११ ओदारी अधुरो सामुदायिक भवन निर्माण | ७०० |
| १५८ | ८ | बाणगंगा ८ चप्परगाँउ साना किसान देखि उत्तर सडक स्तरोन्नति | ७०० |
| १५९ | ९ | बाणगंगा १०  गोगापुर स्कुलदेखि गाँउ सम्म सडक स्तरउन्नति | ८०० |
| १६० | १० | बाणगंगा ६ भगलापुरमा पार्क निर्माण | ९०० |
| १६१ | ११ | बाणगंगा ८ दुर्गा मन्दिर देखि ढोडेकोल जाने बाटो स्तरउन्नति | ५०० |
| १६२ | १२ | मोतिपुर भुईपुरा दिपक पौडेलको घरदेखि दक्षिण कृष्ण गैरेको खेतसम्म सडक स्तरउन्नति बाणगंगा ७ | ८०० |
| १६३ | १३ | बाणगंगा २ मेहनेती टोलको गोले थारुको घर किनारको सडक स्तरउन्नति | ७०० |
| १६४ | १४ | कृषि यान्त्रिकरण कार्यक्रम | २००० |
| प्रदेश समपुरक | | | |
| १६५ | १ | कर्महना देखि मैनहरा हुँदै दुर्गानगर जोडने सडक कालोपत्रे वडा नं. ३,११ र ५ | ४००० |
| १६६ | २ | बठनपुरा झुँगा जोडने सडक कालोपत्रे वडा नं. १ र ३ | ४००० |
| १६७ | ३ | मिलनचोक बिरपुर गोगापुर भेलैरैया हुँदै भावपुर जोडने सडक कालोपत्रे वडा नं. १० | ४००० |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| १६८ | ४ | कृषि विकास शाखा भवन वडा नं. ४ | ५००० |
| १६९ | ५ | ओशो ध्यानकेन्द्र धर्मशाला वडा नं. ८ | ३००० |
| **प्रदेश विशेष** | | | |
| १७० | १ | मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम | ७००० |
| **संघ तथा प्रदेश (शसर्त, समपुरक, विशेष) जम्मा (522800)** | | | |
| १७१ | १ | सामाजिक सुरक्षा | ३५०००० |
| १७२ | २ | म्याचिङ फण्ड (शसर्त, समपुरक, विशेष) | ३०००० |
| १७३ | ३ | लागत सहभागिता | २०००० |
| | | **सिधै खर्च हुने जम्मा बजेट रकम** | |
| **वित्तिय समानिकरण, राजस्व बाँडफाँड र आन्तरीक आयबाट छुट्याउनुपर्ने योजना तथा कार्यक्रमहरु:** | | | |
| १७४ | १ | कार्यालय सञ्चालन | १६४९७५ |
| १७५ | ३ | भुक्तानी गर्नुपर्ने दायित्व क्रमागत योजनाहरु | १४५५४ |
| १७६ | ११ | पिपरा अस्पताल (पूर्वाधार ६० लाख र व्यवस्थापन ४० लाख) | १०००० |
| १७७ | १२ | नगर प्रमुख- पूर्वाधार योजनाहरु | १०००० |
| १७८ | १३ | महिलासंग उपप्रमुख कार्यक्रम | १५०० |
| १७९ | १४ | ल्याण्डफिल्ड साईडको पुर्वाधार निर्माण | ४००० |
| १८० | १५ | नदीजन्य पदार्थ उत्खननको लागि IEE | १००० |
| १८१ | १७ | सामी प्रोफाईल तथा अन्य कार्यक्रम | ४०० |
| १८२ | १८ | मेयर कप खेलकुद प्रतियोगिता | १५०० |
| १८३ | १९ | अन्य खेलकुद प्रतियोगिताहरु | ५०० |
| १८४ | २० | सार्वजनिक जग्गा व्यवस्थापन तथा संरक्षण | २५०० |
| १८५ | २१ | गौशाला निर्माण (पुर्वाधार खर्च २५लाख र व्यवस्थापन खर्च ५लाख) | ३००० |
| १८६ | २२ | स्थानीय प्रकोप व्यवस्थापन कोष | ५००० |
| १८७ | २३ | घर नम्बरिङ तथा सफ्टवेयर जडान (२० लाख + ५ लाख) | २५०० |
| १८८ | २४ | उपभोक्ता समिति र टोल विकास समितिहरुलाई तालिम | ८०० |
| १८९ | २५ | आयुर्वेदिक अस्पतालको जग्गा संरक्षण | १००० |
| १९० | २६ | टेलिभिजन | ५०० |
| १९१ | २७ | दैनिक पत्रिका | ३०० |
| १९२ | २८ | साप्ताहिक पत्रिका | २०० |
| १९३ | २९ | सामुदायिक रेडियो | ५०० |
| १९४ | ३० | अनलाईन मिडिया | २०० |
| १९५ | ३१ | सहकारी अनुगमन | २०० |
| १९६ | ३२ | सहकारी आधारभूत तथा लेखा व्यवस्थापन तालिम | ५०० |
| १९७ | ३३ | सार्वजनिक सुनुवाई | २२५ |
| १९८ | ३४ | न्यायीक समिति र मेलमिलापकर्ता बैठक, प्रोत्साहन तथा भ्रमण | ४०० |
| १९९ | ३५ | नगर प्रोफाईल अद्यावधिक | ५०० |
| २०० | ३६ | मुटु तथा मृगौला डाईलोसिस गौतमबुद्ध अस्पताल बुटवललाई अनुदान | २५० |
| २०१ | ३७ | सर्पदंश केन्द्र गोरुसिङ्गे अनुदान | २०० |
| २०२ | ३८ | नगरभित्रका मुख्य मुख्य चोकतथा बस्तीहरुमा सि.सि.टि.भी क्यामेरा जडान | ५०० |

| कार्यक्रम | सि.नं. | क्रियाकलाप | बजेट रु.हजारमा |
|---|---|---|---|
| २०३ | ३९ | डिजिटल नागरिक वडापत्र | १००० |
| २०४ | ४० | एकिकृत घुम्ति शिविर र वहाल कर तथ्याङ्क संकलन | ५०० |
| २०५ | ४१ | खोप केन्द्र भवन निर्माण | १४०० |
| २०६ | ४२ | ठाकुरापुर कवर्डहलको पूर्वाधार निर्माण | १००० |
| २०७ | ४३ | भूमि इकाईका लागि उपकरण, सहायक कर्मचारी सहित नापजाँच फिल्ड खर्च | ५००० |
| २०८ | ४४ | अपाङ्ग उत्थान समाज कपिलवस्तुको अधुरो भवन निर्माण | ७०० |
| २०९ | ४५ | कपिलवस्तु सामुदायिक अस्पताल अधुरो फार्मेसी भवन निर्माण | १००० |
| २१० | ४६ | कपिलवस्तु उद्योग बाणिज्य संघ कार्यालय व्यवस्थापन | ५०० |
| २११ | ४७ | महिला सहकारीहरुको सामुदायिक भवन निर्माण | २००० |
| २१२ | ४८ | कमन नेपाल भवन निर्माण | १००० |
| २१३ | ४९ | मन्द्रेली ट्युवेलदेखि केवल थारुको घरसम्म नहर निर्माण | ४०० |
| २१४ | ५० | स्यंसेविकाहरुको स्वास्थ्य बिमा प्रोत्साहन | २०० |
| २१५ | ५१ | लागु औषध नियन्त्रण सचेतना कार्यक्रम संचालन | ५५० |
| २१६ | ५२ | शवदाह गृह व्यवस्थापन लक्ष्मणघाट वडा नं.७ | २००० |
| २१७ | ५३ | सिद्धार्थ क्याम्पस पूर्वाधार निर्माण | २५०० |
| २१८ | ५४ | लक्ष्मणघाट धाम पूर्वाधार निर्माण | १००० |
| २१९ | ५५ | कपिलधाम प्राकृतिक चिकित्सा एवम् जडिबुटी खेती तथा प्रशोधन | ७०० |
| २२० | ५६ | रामदतिवन धाम पूर्वाधार निर्माण | ५०० |
| २२१ | ५७ | खारखानी पिकनिक स्पोर्ट निर्माण | ५०० |
| २२२ | ५८ | राजापानी सामुदायिक वनको मूल संरक्षण | ५०० |
| २२३ | ५९ | मधौलिया पार्क सौन्दर्यीकरण | ५०० |
| २२४ | ६० | खेलकुँद विकास पुर्वाधार निर्माण | १५०० |
| २२५ | ६१ | पिपरा कलौनी कल्याणश्वेर शिवालय,मन्दिर | ४०० |
